का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ वैशाख २०८२,
बिहीबार
17 April, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ७४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



शिक्षक आन्दोलन

# थपथपाउने प्रयास
## सरकार र सभामुखको कुरा बाझियो




बजेट अधिवेशनमा शिक्षकहरूका माग सम्बोधन गर्न सम्भव छैन

■ **देवराज घिमिरे**
सभामुख



विद्यालय शिक्षा विधेयक छिटो पास गर्न नै संसद् अधिवेशन बोलाइएको हो

■ **शंकर पोखरेल**
महासचिव, नेकपा एमाले



आन्दोलन निर्णायक मोडमा पुगेको छ । ऐन नआएसम्म शिक्षकहरु घर फर्किने छैनन्

■ **लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक महासंघ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

गत २० चैतदेखि निरन्तर आन्दोलन गरिरहेका देशभरका शिक्षकहरूको माग संसद्‌बाट सम्बोधन गर्न अन्ततः सरकार तयार भएको छ। शिक्षकहरूको मागको मुख्य सरोकार रहेको विद्यालय शिक्षा ऐन संसद्‌बाट पारित गर्न भन्दै सरकारले संसद्‌को बैठक नै बोलाएको छ। तर, संसद्‌को यो अधिवेशन भने बजेट अधिवेशन हो ।

बिहीबार राष्ट्रपति रामचन्द्र पौडेले सरकारको सिफारिसमा १२ वैशाखमा संघीय संसद्‌का दुवै सदनको बैठक बोलाएका हुन्। संसद्‌ले विचाराधीन विद्यालय शिक्षा ऐन पारित गर्ने सरकारको भनाइ छ ।

१ सातासम्मको शान्तिपूर्ण मागमा सरकारले कुनै चासो नदेखाएपछि शिक्षकहरूले २६ चैतदेखि शैक्षिक हडताल गरी आन्दोलनलाई थप तीव्रता दिएका छन् । आन्दोलनका क्रममा सरकार र शिक्षक महासंघबीच २ पटक वार्तासमेत भइसकेको छ। पछिल्लो पटक सरकारले वार्ताका लागि आग्रह गरे पनि ऐन जारी नभएसम्म वार्तामा नबस्ने भन्दै शिक्षकहरू आन्दोलनमै छन् ।

## सरकारको दाउ यस्तो

झट्ट हेर्दा शिक्षकहरूको आन्दोलनको दबाब सहन नसकेर सरकारले संसद्‌मार्फत उनीहरूका माग सम्बोधन गर्न खोजेको देखिन्छ । तर, सरकार संसद् अधिवेशन देखाएर शिक्षकहरूको आन्दोलनलाई निस्तेज गर्ने तयारीमा रहेको आशंका आन्दोलनरत शिक्षकहरूमा छ ।

सरकारले माग सम्बोधन गर्न संसद् अधिवेशन बोलाएको भन्नु र सभामुख देवराज घिमिरेले बजेट अधिवेशनमा शिक्षकहरूका माग पृष्ठ २ मा

## तयार छैनन् शिक्षक

विद्यालय शिक्षा विधेयकमा सरकार र संसद्‌को कुरा बाझिएपछि शिक्षकहरूले आन्दोलन चर्काउने तयारी गरेका छन् ।

बजेट अधिवेशनमा शिक्षा विधेयक प्राथामिकतामा पर्न नसक्ने वास्तविकता आएपछि शिक्षकहरू थप आक्रोशित पनि बनेका छन् ।

सभामुखको कुरा सुनेपछि पृष्ठ २ मा

## ७० लाख विद्यार्थीको पढाइ ठप्प

ऐन जारी नभएसम्म आन्दोलन जारी राख्ने शिक्षकहरूको अडानका कारण ७० लाख विद्यार्थीको पठनपाठन ठप्प छ ।

१ वैशाखदेखि नयाँ शैक्षिक सत्र सुरु भए पनि भर्ना अभियानसमेत ठप्प छ । एसईईको परीक्षा पुस्तिका परीक्षण हुन सकेको छैन भने १२ वैशाखदेखि सुरु हुने कक्षा १२ को परीक्षासमेत प्रभावित हुने सम्भावना बढेको छ। आन्दोलनका क्रममा सरकार र शिक्षक पृष्ठ २ मा

## महरलाई जिम्मेवारी

नेपाली कांग्रेसले संसद्‌मा रहेको शिक्षा विधेयकबारे पार्टीको आधिकारिक धारणा बनाउन छलफल सुरु गरेको छ।

कांग्रेसले विधेयकका २८ बुँदामा रहेका असहमति र विधेयकबारे पूर्ण धारणा निर्माण गर्नका लागि आवश्यक समन्वय गर्न पार्टीको शिक्षा विभाग प्रमुख नैनसिंह महरलाई पृष्ठ २ मा

# सरकारलाई कांग्रेस महामन्त्री शर्माका ७ प्रश्न



### यी हुन् ७ प्रश्न

- सामाजिक संजाल विधेयक
- कुलमान प्रकरण
- शिक्षक आन्दोलन
- अख्तियारसम्बन्धी विधेयक
- त्रिवि उपकुलपतिको राजीनामा
- गभर्नर नियुक्ति
- नेपाल प्रहरीका एआईजी नियुक्ति

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सरकारको कार्यशैलीप्रति तीव्र असन्तुष्टि जनाएका छन् । शर्माले ७ वटा बुँदा केलाउँदै सरकारको कार्यशैलीप्रति तीव्र असन्तुष्टि पोखेका हुन् ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र उसको साझेदार दल नेपाली कांग्रेसबीच खटपट भइरहेको समाचार आइरहेका बेला महामन्त्री शर्माले ७ बुँदामा सरकारको आलोचना गर्दै आफ्ना धारणा सार्वजनिक गरेका हुन् ।

कांगेसका अर्का महामन्त्री गगन थापालगत्तै शर्मा पनि सरकारको आलोचनामा कडा रूपमा उत्रिएका छन् ।

मंगलबार एक कार्यक्रममा महामन्त्री थापाले प्रधानमन्त्रीको कार्यशैलीमा प्रश्न उठाउँदै प्रधानमन्त्रीको बेडरुमसम्म बिचौलियाको पहुँच पुगेको टिप्पणी गरेका थिए । सरकारको भविष्यबारे अनेक शंका-उपशंका र गठबन्धनका नेताबीच असमझदारी सार्वजनिक भएपछि शर्माको पछिल्लो भनाइ आएको हो । सामाजिक संजाल विधेयक, कुलमान घिसिङ प्रकरण, शिक्षक आन्दोलन, अख्तियारसम्बन्धी विधेयक, त्रिवि उपकुलपतिको राजीनामा, गभर्नर नियुक्ति र नेपाल प्रहरीका एआईजी पद रिक्त भएका जस्ता ७ वटा बुँदा समेट्दै शर्माले सरकारको कामको आलोचना गरेका छन् ।

शर्माले सरकारले कार्यशैली बदल्नुपर्ने बताएका हुन् । सरकारले नगर्नुपर्ने निर्णयमा हतारो गर्ने र गर्नुपर्ने निर्णयमा विलम्ब गर्ने गरेको भन्दै शर्माले आलोचना पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विभाग र संघमा सेट परिवर्तनको संयोग, सर्भर भने डाउनका डाउन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख ।

वैदेशिक रोजगार विभागमा महानिर्देशकदेखि निर्देशकसम्म सेट नै परिवर्तन भएको छ । विभागका तत्कालीन महानिर्देशक सूर्यबहादुर खत्री मन्त्रालयमा तानिएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले महानिर्देशकदेखि निर्देशकसम्मको सेट परिवर्तन गरेको हो ।

मन्त्रालयले विभागको महानिर्देशकमा जीवलाल भुसाल, उपमहानिर्देशकमा चन्द्रबहादुर शिवाकोटी र निर्देशकमा टीका ढकाल र उपेन्द्र पौडेल सरुवा भएका छन् । महानिर्देशक भुसाल हाजिर भइसकेका छैनन् भने निर्देशक ढकाल बुधबार विभागमा हाजिर भएका हुन् । ढकाल यसअघि वैदेशिक रोजगार बोर्डको निर्देशकमा कार्यरत रहेका थिए । ढकाललाई विभाग पठाएपछि मन्त्रालयले ढकालको ठाउँमा गुरुदत्त सुवेदीलाई सरुवा गरेको छ ।

बिभागको नेतृत्वमा सेट परिवर्तन जस्तै नेपाल बैदेशिक रोजगार ब्यबसायी संघको नेतक्षत्वमा सेट परिवर्तन भैसकेको छ ।

विभाग र संघमा भएको कर्मचारी र ब्यबसायी न्तृत्वको सेट परिवर्तनसँगै मंगलबार र बुधबार अपराह्नसम्म सर्भर डाउन भएपछि वैदेशिक रोजगार व्यवसायीहरूमा घोचपेच सुरुवात भएको छ । संघको सबैजसो नेतृत्वले वैदेशिक रोजगार प्रशासनमा रहेका नीतिगत तथा व्यवहारिक अस्पष्टता हटाइने विषयलाई प्राथमिकतामा राख्ने बताउँदै आएका छन् । तर सेवाग्राहीको चाप र संख्याको तुलनामा कमजोर क्षमताको प्रणाली संचालन गरिएका कारणले वैदेशिक रोजगार व्यवसायी र पृष्ठ २ मा

## संघ नेतृत्वको प्राथमिकता संख्या सय समाधान र सिन्डिकेट निस्तेज

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संख्या सय समस्या समाधान र जुनसुकै नाम र आवरणमा आउने सिन्डिकेटलाई निस्तेज पार्ने निर्णय गरेको छ । संघको नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङको अध्यक्षतामा बुधबार बसेको कार्यसमिति बैठकले अन्य धेरै विषयमा छलफल गरेपनि मुख्यरूपमा संख्या सय समस्या समाधान र सिन्डिकेटको विरोध गरी २ विषयमा निर्णय भएको महासचिव महेशकुमार बस्नेतले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

संघले त्यस विषयमा बिहीबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसहित सचिवलाई भेटेर छलफल गर्ने तयारी गरेको छ । संसदको हिउँदे अधिवेशनमा पेश हुने तयारीमा रहेको संख्या सय समस्या समाधानसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक सरकारले नेपाल विद्युत् प्राधिकरणका पृष्ठ २ मा

# कोशी प्रदेशमा १ खर्ब ३९ अर्ब लगानी भित्र्याउने तयारी

- १८-१९ वैशाखमा लगानी सम्मेलन गरिँदै
- ५४ वटा परियोजना सोकेस गर्दै लगानीको वातावरण निर्माणमा जोड

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, ३ वैशाख ।

कोशी प्रदेश सरकारले करिब १ खर्ब ३९ अर्ब रुपैयाँ बराबरको लगानी भित्र्याउने अन्तिम तयारी पूरा भइसकेको जनाएको छ । आगामी १८ र १९ वैशाखमा विराटनगरमा आयोजना हुने ‘कोशी लगानी सम्मेलन’मार्फत विभिन्न क्षेत्रका परियोजना प्रस्तुत गर्दै लगानीकर्तालाई आकर्षित गर्ने प्रदेश सरकारको तयारी छ ।

बुधबार विराटनगरमा पत्रकार सम्मेलन गर्दै प्रदेश सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले सम्मेलनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएका हुन् । सम्मेलनका लागि स्थानीय तह, संघीय सरकार र निजी क्षेत्रसँग सहकार्य तथा पृष्ठ २ मा



लगानी सम्मेलनले दोस्रो आवधिक योजनामा लिएको आर्थिक लक्ष्य पूरा गर्न र स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको दीर्घकालीन सोच हासिल गर्न सहयोग पुग्ने छ

■ **हिक्मतकुमार कार्की**, मुख्यमन्त्री, कोशी प्रदेश



## मन्त्रिपरिषद् बैठकका निर्णय

# सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति स्वीकृत



**काठमाडौं/मस–** सरकारले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए।

बैठकले साना सिँचाइ कार्यक्रमका लागि स्विट्जरल्यान्ड सरकारबाट प्राप्त हुने थप अनुदान सहायता १८.८ लाख स्विस फ्र्यांक प्राप्त गर्ने निर्णय गरेको प्रवक्ता गुरुङले जानकारी दिए। त्यस्तै, बैठकले आयोडिनयुक्त नुन (बिक्री-वितरण) ऐन, २०५५ आगामी साउन १ गतेदेखि नेपालराज्यभर प्रारम्भ गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको छ।

बैठकले हवाई सेवा व्यवस्थापन नियमावली २०८१ स्वीकृत गर्ने, पूर्वसचिव रामेश्वर खनाल संयोजकत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सात दिनभित्र कार्यान्वयन कार्ययोजना बनाई पेस गर्न समिति गठन गर्ने निर्णय समेत गरेको छ।

बैठकले २०८२ वैशाख ५ गतेदेखि ११ गतेसम्म कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि विकास) डा. गोविन्द प्रसाद शर्मालाई भारत भ्रमणका लागि स्वीकृति प्रदान गर्ने निर्णय पनि गरेको छ। सशस्त्र प्रहरी बल, नेपालअन्तर्गतका बोर्डर आउटपोष्ट, गुल्म तथा विपद् व्यवस्थापन वेशसमेतका १३ कार्यालयहरूको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने निर्णय पनि बैठकले गरेको प्रवक्ता गुरुङले जानकारी दिए।

मन्त्रिपरिषद् बैठकले नेपाली सेनातर्फ दुई जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने र तीन जना सहायक रथीहरूको सरुवा गर्ने निर्णय गरेको प्रवक्ता गुरुङले बताए। २०८२ जेठ १२ गतेदेखि १५ गतेसम्म बेलायतको ब्रिटिश गोर्खाज वेलफेयर ट्रस्टद्वारा सञ्चालित कल्याणकारी कार्यक्रमहरूको अवलोकन भ्रमण तथा बेलायतका उच्च पदाधिकारीहरूसँग हुने भएकाले शिष्टाचार भेटमा सहभागी हुन रक्षा मन्त्रालयका सचिव रामेश्वर दंगाललाई स्वीकृति दिने निर्णय पनि बैठकले गरेको छ।

यस्तै बैठकले दैलेखको दुल्लूस्थित नेपाली सेनाको कालीदत्त गुल्मले साविकदेखि प्रयोग गर्दै आएको जग्गा प्राप्ति गर्न स्वीकृति दिने निर्णय पनि गरेको छ। २०८२ जेठ ८ मा चीनको बेइजिङमा आयोजना हुने आईएनबीएआर काउन्सिल कार्यक्रममा सहभागी हुन वन तथा वातावरण मन्त्री ऐन बहादुर शाही ठकुरीलाई स्वीकृति प्रदान गर्ने तथा २०८२ वैशाख ९ र १० गते हङकङमा आयोजना हुने एसिया कल्चरल कोअपरेशन फोरम २०२५ मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेलाई स्वीकृति प्रदान गर्ने निर्णय भएको पनि प्रवक्ता गुरुङले बताए।

# प्रजातान्त्रिक आन्दोलनमा न्यौपानेको योगदान महत्वपूर्ण : देउवा



**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा गोरखाली नेता चन्द्रप्रसाद न्यौपानेको महत्वपूर्ण योगदान रहेको बताएका छन्। जिल्ला विकास समिति गोरखाका पूर्वसभापति न्यौपानेको पहिलो स्मृति दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले पार्टीको नीति, विचार र सिद्धान्तप्रति प्रतिबद्ध रहँदै दिवंगत न्यौपानेले लोकतान्त्रिक आन्दोलनमा दिएको योगदान अनुकरणीय रहेको बताए। 'प्रजातन्त्र पुनःस्थापना, लोकतान्त्रको सबलीकरणका लागि नेपाली कांग्रेस पार्टीले आह्वान गरेको सत्याग्रह र जनआन्दोलनमा सक्रियरुपले सहभागी हुनुभएका न्यौपानेले पटकपटक जेल जीवन बिताउनुभयो,' सभापति देउवाले भने, 'पञ्चायतको कठिन घडीमा पनि पार्टीको नीति, विचार र सिद्धान्तप्रति प्रतिबद्ध रहँदै जिल्लाको विकास निर्माण, स्वास्थ्य र शिक्षा क्षेत्रमा उल्लेख्य योगदान दिनुभयो।'

सभापति देउवाले पार्टी प्रतिबन्धित रहेको अवस्थामा २०२४ सालमै पार्टी जिल्ला कार्यसमिति सदस्य रहेका न्यौपानेले प्रजातन्त्र पुनःस्थापनापछि लामो समयसम्म महासमिति सदस्यसहित विभिन्न भूमिकामा रहेको स्मरण गरे। नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले आफ्नो राजनीतिक यात्राको सुरुवात न्यौपानेबाटै भएको स्मरण गर्दै सिद्धान्तप्रतिको निष्ठा, नैतिकता र सदाचार उनीबाट अनुशरण गर्न लायक रहेको बताए।


## स्वामीकार्तिक खापर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुइजिउला वाई, बाजुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### स्वामीकार्तिक खापर गाउँपालिकाको जानकारीमूलक सन्देश

चट्याङ्ग भनेको खराब मौसमका बेला आकासबाट जमिनमा खस्ने वद्युतीय करेन्ट हो। हुरी बतासको मौसम वा वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट तीव्र गतिमा आएको वायु एक आपसमा ठोक्कीदा चर्को आवाज सहित बढि भोल्टको विद्युतीय लहर उत्पन्न भई बाटो बनाएर बहन्छ त्यसलाई नै चट्याङ्ग भनिन्छ। यो अचानक हुने विद्युतीय बिस्फोटन हो। सामान्यतया चैत देखि असार सम्मको मौसम आगलागी, हावाहुरी, असिना पानी र महामारी तथा चट्याङ्ग जस्ता विपत्तिको जोखिम मानिने समय हो। यस समयमा विपद्का विभिन्न घटनाबाट बढि क्षति हुन सक्छ। विपद् पछि जनधनमा पर्ने क्षति कम गर्न वा जोखिम न्यूनिकरणको बलियो आधार भनेकै पूर्व तयारी हो। तथापी समयमा पूर्व तयारी नगर्ने तर प्रकोपले बढि क्षति पुऱ्याईसकेपछि ज्ञान गुन गाउँने समाजमा हाम्रो परम्परा उस्तै छ। उल्लेखित विपद् चट्याङ्ग नितान्त प्राकृतिक र बढि डरलाग्दो मानिन्छ। त्यसैले अन्य समय भन्दा यस समयमा बढि संवेदनशिल हुन आवश्यक छ।

**चट्याङ्गबाट बच्न के उपाय अपनाउनु पर्छ ?**

१ आकाशमा बिजुली चम्कीने र गड्याङ्गगुडुङ्ग हुनासाथ विद्युतीय सामान नचलाई घरका झ्याल ढोका राम्ररी बन्द गरी घर भित्र बसौं।
२ आकाशमा गड्याङ्गगुडुङ्गको आवाज सुनिदा सकभर बाहिर नहिँडौं, हिड्नै परे खालि खुट्टा नहिडौं र ठूलो रुख, चट्टान नजिकै नजाउ, यदि घर बाहिर भएमा तुरुन्त घर भित्र जाउ वा खुला ठाउँमा भए सुरक्षित स्थानको ओत लाग्ने प्रयास गरौं।
३ खुला ठाउँमा हिँडिरहेका बेला शरीरमा जिरीगं, सिरीगं भयो भने पैतला टेकी कुर्कुच्चा उचालेर घुडा माथि कुहिनाले दवायर राख्ने गरौं।
४ बिजुली चम्केपछि निस्किने आवाजको डर मान्नु पर्दैन, बरु ठूलो आकृतिमा आउने आवाजले कानमा असर पार्न नदिन कान थुन्ने गरौ।
५ सुरक्षित स्थान सम्म पुग्ने अवस्था नरहेमा अग्लो वा एग्लो रुखको ओत नलाग्ने, बरु रुख देखि टाढा टुपुक्क बस्ने, खुला चौरमा भएका टुपुक्क बसि टाउकोलाई दुई घुडाको बीचमा राखि कान थुन्ने, घर भित्र रहदा झ्याल ढोका बन्द गरी कोठाको बीचमा बस्ने।
६ टिभी, वासिङ्ग मेसिन, फ्रिज, वा अन्य विद्युतीय मेसिनका तार छुटाउने, पानीका स्रोतमा सिधै नुहाउने, कपडा धुने, नगर्ने, साथै टेलिफोनमा समेत कुराकानी नगर्ने।
७ चट्याङ्ग अपरान्ह ३ बजे पछि मात्रै पर्ने हुँदा घर बाहिरका काम विहानको समयमा र घर भित्रका काम साँझ पखको समयमा गर्नु पर्छ।
८ चट्याङ्गबाट हाम्रा घरलाई सुरक्षित राख्न धातुका सामान प्रयोग गर्न सकिन्छ, सकभर सकियो भने तपाई हामी बस्ने घर अर्थिङ्ग गरौ, भएन भने घरमा परीपक्क झ्याल ढोका अनिवार्य निमार्ण गरौं।
९ तामा आल्मुनियम तथा जिआईका रडहरूलाई घरको सबैभन्दा अग्लो भागमा राखि सोही धातुका रड र पातालाई जोडि जमिन सम्म पुऱ्याई अथिंङ्ग गर्यो भने धेरै हतसम्म घरलाई सुरक्षित राख्न सकिन्छ।
१० विपद्पूर्वको तयारीले जोखिम वा क्षति कम गर्न सकिन्छ तर विपद् नै कम गर्न सकिदैन तसर्थ विपद्जन्य क्षति घटाउ र चेतना बढाउ।

**विपद् पूर्व तयारी, हामी सबैको साझा जीम्मेवारी**
**अध्यक्ष भरत बहादुर रोकाया**
**स्वामीकार्तिक खापर गाउँपालिका, सुईजीउला वाई बाजुरा।**


**सरकारको...**
सम्बोधन गर्न सम्भव नरहेको भन्नुमा आफैंमा विरोधाभास छ।

सभामुख घिमिरेले बजेट अधिवेशनमा शिक्षकहरूका माग सम्बोधन गर्न सम्भव नरहेको बताइसकेका छन्। बजेट अधिवेशनमा बजेटसम्बन्धी विषयहरू नै बढी प्राथमिकता दिनुपर्ने भएकाले शिक्षकहरूका माग सम्बोधन गर्न सक्ने अवस्था नरहेको उनको भनाइ छ।

घिमिरेले बजेट अधिवेशनमा शिक्षा विधेयकलाई १ नम्बरको बुँदामा राखेर टुंग्याएर अर्को विषयमा जान सम्भव नरहेको पनि बताए। बजेट अधिवेशनले बजेटसँग सम्बन्धित विषयलाई नै प्राथमिकता दिनुपर्ने उनको भनाइ छ।

सरकारले संसद्को आगामी अधिवेशनबाट शिक्षा विधेयक पारित गर्ने भनिरहँदा सभामुखको पछिल्लो भनाइले सरकार आफैं अन्योलमा रहेको देखिएको छ। मुख्यतः शिक्षकहरूले शिक्षा ऐन जारी गर्न माग गर्दै शैक्षिक हडताल गरेपछि माग सम्बोधनकै लागि भनेर मंगलबारको मन्त्रिपरिषद् बैठकले संसद्को अधिवेशन आह्वान गरेको हो। तर, बुधबार घिमिरेले वर्षे अधिवेशनमा बजेटलाई प्राथमिकता दिनुपर्ने भएकाले शिक्षा ऐन जारी गर्नुपर्ने शिक्षकका माग सम्बोधन गर्न नसकिने बताएपछि आन्दोलित शिक्षक सरकारसँग झस्किएका छन्।

'संविधानतः १५ जेठमा बजेट प्रस्तुत हुनै पर्छ र असार मसान्तसम्ममा पारित भइसक्नुपर्छ। कानुनी प्रक्रियाको सीमाभित्रै बसेर काम गर्नुपर्ने बाध्यता हुन्छ', सभामुख घिमिरे भन्छन्।

सभामुख घिमिरेका अनुसार शिक्षा ऐनका लागि विधेयक संसद्मा पुग्नुपर्छ, संसद्ले विधेयक पास गर्नुपर्छ र संसद्मा विधेयक पुग्नका लागि सम्बन्धित समितिमा छलफल गरी संसद्मा पठाउनुपर्छ।

सरकारले शिक्षा विधेयकलाई लक्षित गरेर बजेट अधिवेशनबाटै शिक्षकहरूको माग सम्बोधन गर्ने भने पनि असम्भव देखिएको छ। सभामुख घिमिरेका अनुसार १२ वैशाखदेखि सुरु हुने बजेट अधिवेशनमा शिक्षा विधेयक प्राथमिकतामा पर्दैन।

शिक्षकका मागका विषयमा सरकार र संसद्बीच कुरा बाझिएपछि शिक्षक आन्दोलनलाई तुहाउन नै सरकारले संसद् अधिवेशनको नाटक रचेको शिक्षकहरू बताउँछन्। तर, नेकपा एमालेका महासचिव शंकर पोखरेल भने विद्यालय शिक्षा विधेयक छिटो पास गर्न नै संसद् अधिवेशन बोलाइएको दाबी गर्छन्।

पोखरेलले बजेट अधिवेशन चाँडो बोलाउनुको अर्थ शिक्षकहरूको माग सम्बोधन गर्न भएको दाबी गरे। 'संसद् अधिवेशन छिटो बोलाउनुको अर्थ विद्यालय शिक्षा विधेयक छिटो पास गर्न सहज होस् भन्ने पनि हो। अब शिक्षकहरूले आफ्ना मागहरूलाई बजेट अधिवेशनमार्फत सम्बोधन गर्नेगरी वार्तामा संलग्न हुँदै विद्यालय संचालनमा जुट्नुपर्छ', उनले भने।

**तयार...**
सरकारले फेरि आफूहरूलाई छक्याउन खोजेको निष्कर्षमा शिक्षकहरू पुगेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षकहरू काठमाडौं केन्द्रित आन्दोलनमा रहँदा विद्यालय भर्ना कार्यक्रम प्रभावित भएको भन्दै माग सम्बोधन गर्ने आश्वासन दिँदै विद्यालय फर्किन आग्रह गरेका थिए। तर, शिक्षकहरूले भने ऐनबिना घर नफर्किने अडान लिएका छन्। नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आन्दोलन निर्णायक मोडमा आइपुगेको र ऐन नआएसम्म शिक्षकहरू घर नफर्किने बताए। ऐन जारी हुने कुरामा विश्वस्त हुन नसकेको जनाउँदै उनले आन्दोलन थप चर्को बनाउने चेतावनी दिए।

महासंघकी सहअध्यक्ष नानुमाया पराजुली ऐन जारी हुने विश्वासिलो आधार नबनेको बताउँछिन्। 'सरकारले ठिक्क पार्नका लागि मन्त्रिपरिषद्बाट शिक्षा विधेयक पेस गर्न अधिवेशन बोलाएको भन्यो। सभामुखले व्यावहारिक र कानुनी सीमा देखाउँदै बजेट अधिवेशनमा विधेयकले प्राथमिकता पाउन नसक्ने बताउनुभयो। सरकार रित्तै घर फर्काउन चाहन्छ, हामी ऐन नआएसम्म घर फर्किंदैनौं', उनले भनिन्।

सरकारले शिक्षा ऐन नै नचाहेको गुनासो शिक्षकहरूको छ। 'सरकारको विश्वास गर्ने आधार छैन। सरकार रित्तै घर फर्काउन चाहन्छ', अध्यक्ष सुवेदी भन्छन्, 'अब हामी निर्णायक मोडमा आइपुगेका छौं। त्यसैले, अझ बढी प्रतिबद्धता र सहभागिताका साथ आन्दोलन अघि बढाउनुको विकल्प छैन।'

**७० लाख...**
महासंघबीच १ पटक वार्तासमेत भइसकेको छ। पछिल्लो पटक सरकारले वार्ताका लागि आग्रह गरे पनि ऐन जारी नभएसम्म वार्तामा नबस्ने भन्दै शिक्षकहरू आन्दोलनमै सक्रिय भइरहेका छन्।

**महरलाई ...**
जिम्मेवारी दिएको छ।

आन्दोलनमा रहेका शिक्षकहरूको आत्मसम्मानको सम्मान गर्दै उनीहरूसँग यसअघि सरकारले प्रतिबद्धता जनाएअनुरूप माग सुनुवाइ हुनुपर्ने कांग्रेसको भनाइ छ।

२० चैतमा शिक्षक आन्दोलन हुँदा २२ गते नै पार्टी सभापति शेरबहादुर देउवाले समस्या समाधानका लागि सम्बन्धित सरोकारवालासँग छलफल गरेका थिए। पार्टी सभापतिको निर्देशनपछि महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले आन्दोलनरत शिक्षकको माग सम्बोधनका लागि पहलकदमी लिएका थिए। सोहीअनुरूप विज्ञ र सरोकारवालाहरूसँग छलफल भएको थियो।

**सरकारलाई...**
गरेका छन्। मुख्य २ दल सम्मिलित सरकारको गति सन्तोषजनक नभएको पनि महामन्त्री शर्माको टिप्पणी छ।

'नगर्नुपर्ने निर्णयमा हतारो, गर्नुपर्ने निर्णयमा बिलम्ब, सरकारको यो प्रवृत्ति समर्थनयोग्य छैन', उनले सरकारको आलोचना गर्दै भनेका छन्।

सरकारको गति सन्तोषजनक नभएको जनाउँदै उनले भनेका छन्, प्रगति सन्तोषजनक भएन, कमजोरी केलाउँ, लय मिलाउँ, गति बढाउँ। सरकार अलमलबाहिर, अनुभूतिमा भेटिनुपर्छ सरकार चल्नुपर्छ तर कार्यशैली बदल्नुपर्छ।'

उनले सामाजिक संजाल विधेयक नियमनका नाममा नियन्त्रणको नियतसाथ ल्याइएको दाबी गरेका छन्। अध्यादेशको प्रत्येक अक्षरमा संवाद गरिएको संयन्त्रमा यो विधेयक ल्याउनुपूर्व कुनै संवाद नभएको उनको भनाइ छ। नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकरी निर्देशक कुलमान घिसिङको बर्खास्ती प्रकरणमा उनले हटाउनुहुन्न भन्ने कांग्रेसभित्रको फरक मत र आमजनमतको हेक्का नराखिएको टिप्पणी गरेका छन्। असन्तुष्टिको आगोमा चरु हाल्नुहुन्न भन्ने सजगता सरकारमा नदेखिएको शर्माको निष्कर्ष छ।आन्दोलनरत शिक्षकहरूको माग सम्बोधन गर्न ढिलाइ हुँदै गएकामा उनले चिन्ता जनाएका छन्। सरकारले निर्णय गर्न मिल्ने बुँदाहरूमा नेपाल शिक्षक महासंघलाई विश्वासमा लिएर छिटो निर्णयमा पुग्न उनले आग्रह गरेका छन्। शिक्षा विधेयकमार्फत टुंगोमा पुग्ने बुँदाहरूप्रति साझा प्रतिबद्धता जनाउन पनि उनले आग्रह गरेका छन्।अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विधेयक संसद्को राज्य व्यवस्था समितिले उपसमितिमार्फत करिब टुंगोमा पुऱ्याएको अवस्थामा यसलाई निर्देशित रूपमा 'होल्ड' गराउने कार्य आलोच्य र अनुचित रहेको उनले भनेका छन्। यसैगरी, त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले पदत्याग गर्नुपर्ने अवस्था आउनु र फेरि पनि त्रिविमा बेथितिले प्रश्रय पाउनु जुनकुनै कोणबाट पनि गलत भएको उल्लेख शर्माले गरेका छन्। नेपाल राष्ट्र बैंकका गभर्नर नियुक्तिको विषयमा पनि महामन्त्री शर्माले मुख खोलेका छन्। अनेकथरि प्रश्न उठिसक्दा नियुक्तिमा अझै अलमल जारी रहनु दुःखद् रहको उनको भनाइ छ। मौद्रिक नीतिको नेतृत्व गर्ने, समग्र बैंकिङ क्षेत्रको नियामक निकायको नेतृत्व चयनमा संवेदनशील अग्रसरता नदेखिनुमा सरकारको सक्षमतामाथि उनले प्रश्न उठाएका छन्। यसैगरी, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) पदमा ६ वटा दरबन्दी रिक्त भएको महिना दिन पुग्न लाग्दासमेत नियुक्तिमा अलमल रहेको भन्दै उनले सरकारको आलोचना गरेका हुन्। सरकारले यस्तो विलम्बबाट प्रशंसा हासिल गर्न नसक्ने उनको भनाइ छ।

**विभाग...**
वैदेशिक रोजगारमा जाने कामदारले पटक-पटक धोका पाएको गुनासो गर्ने गरेका छन्। विभागले भने प्रणालीमा निरन्तर अपडेट गर्नुपर्ने र कहिलेकाहीँ देखापर्ने समस्याको सकेसम्म छिटो समाधान गर्ने गरिएको बताउँदै आएको छ।

**संघ...**
तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउँदा प्रतिपक्षी दलहरूले संसद अवरुद्ध गरेका कारण टेबुल हुन पाएको थिएन।

संघका अध्यक्ष गुरुङले संख्या सय समस्याको समाधान वैशाख महिनाभित्रै टुंगो लगाउने गरी छलफल, भेटघाट र लविङलाई तीव्र बनाउने सार्वजनिकरूपमा प्रतिबद्धता जनाएका छन्।

**कोशी...**
समन्वय गरिएको उनले बताए।

**८ क्षेत्रमा ५४ वटा परियोजना**
**पर्यटन र उद्योगमा सर्वाधिक लगानी**

प्रदेश लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाका अनुसार सम्मेलनमा ८ वटा मुख्य क्षेत्रमा करिब ५४ वटा परियोजनाको सोकेस गरिने छ। ती परियोजनाहरूबाट कुल १ खर्ब ३९ अर्ब रुपैयाँको लगानी भित्रचयाउने लक्ष्य लिइएको छ। पर्यटन क्षेत्रमा मात्र १५ वटा परियोजना प्रस्तुत गर्दै ३७ अर्ब ९७ करोड रुपैयाँ बराबरको लगानी आकृष्ट गर्ने योजना बनाइएको छ।

त्यस्तै, भौतिक पूर्वाधारमा १४ परियोजनाबाट ३१ अर्ब १ करोड, कृषिमा ९ परियोजनामार्फत ३ अर्ब ८ करोड, उद्योगमा ९ परियोजनाबाट ६५ अर्ब ४० करोड, ऊर्जा क्षेत्रमा ३ परियोजनाबाट २ अर्ब ७७ करोड, आईटीसीमा २ परियोजनामार्फत ४७ करोड र उत्पादन क्षेत्रमा ६० करोडको परियोजना प्रस्तुत गरिने बताइएको छ। प्रदेश लगानी प्राधिकरणका अध्यक्षसमेत रहेका कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले यो लगानी सम्मेलनले कोशी प्रदेशलाई नेपालकै प्रमुख लगानी गन्तव्य बनाउने दाबी गरे।

उनले भने, 'स्वदेशी, निजी तथा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआइ) भित्र्याएर नवीनतम प्रविधि र ज्ञानको परिचालन गर्ने वातावरण बनाउने हाम्रो लक्ष्य छ। लगानी सम्मेलनले दोस्रो आवधिक योजनामा लिएको आर्थिक लक्ष्य पूरा गर्न र स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको दीर्घकालीन सोच हासिल गर्न सहयोग पुग्ने छ।'

**'पर्यटन वर्ष, २०८२' घोषणा**

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले पर्यटन वर्ष, २०८२ घोषणा गरिसकेको सन्दर्भ उठाउँदै प्रदेशको समृद्धि पर्यटनमार्फत अगाडि बढाउन सकिने विश्वास व्यक्त गरे।

'हामीले सयभन्दा बढी परियोजना प्रस्ताव प्राप्त गरेका छौं। तीमध्ये व्यावहारिक र सफल बन्न सक्ने योजनाहरूलाई मात्र सम्मेलनमा अगाडि सारेका छौं', उनले सुनाए। प्रदेशमा रोजगारी सिर्जना र व्यावसायिक वातावरण निर्माण गर्ने दीर्घकालीन लक्ष्यअनुरूप सरकारले औद्योगिक वातावरण निर्माणमा जोड दिएको कार्कीले उल्लेख गरे।

मन्त्री भण्डारीका अनुसार प्रदेशमा सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलअन्तर्गतका परियोजना कार्यान्वयन गर्न कानुनी, नीतिगत सुधार र प्रशासनिक सहजता प्रदान गर्नका लागिसमेत तयारी भइरहेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने भनिएको सम्मेलनमा ७ देशका विदेशी लगानीकर्ता र गैरआवासीय नेपाली (एनआरएन) समुदायका प्रतिनिधिहरूको सहभागिता रहने बताइएको छ। कोशी प्रदेश सरकारले पहिलो पटक आयोजना गर्न लागेको लगानी सम्मेलनलाई ऐतिहासिक अवसरको रूपमा लिएको छ। प्रदेशको औद्योगिक, पर्यटन, कृषि, ऊर्जालगायतका क्षेत्रमा लगानी भित्र्याई आर्थिक समृद्धि हासिल गर्ने सरकारको दीर्घकालीन योजना यो सम्मेलनमार्फत सार्थक बन्ने आशा गरिएको छ।

सरकारले लगानीमैत्री कानुनी संरचना, प्रक्रियागत सुधार र प्रविधिअनुकूल वातावरण सृजना गर्दै प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीको आकर्षक गन्तव्य बनाउने लक्ष्य लिएको छ। प्रदेश सरकारले लगानी सम्मेलनमार्फत प्रदेशमा रोजगारी सिर्जना, पुँजी निर्माण, गरिबी निवारण र औद्योगिकीकरणको वातावरण तयार पार्ने लक्ष्य लिएको छ। सम्भावनाका नयाँ क्षेत्र पहिचान गर्दै नवीनतम प्रविधि र ज्ञान सँगसँगै आर्थिक विकासलाई गतिशील बनाउने प्रदेश सरकारको योजना रहेको बताइएको छ।


Government of Sudurpaschim Province
Ministry of Physical Infrastructure Development
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
Bajhang

### Letter of Intent

Date: 2082/01/04

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is here by selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name of Bidder | Bid Price (Excluding VAT & PS) |
|---|---|---|
| IDOBAJHANG/W/R/NCB/081-82/14 | Shiweshwor Nirman Sewa, Bajhang | 19,65,800.00 |

**Office Chief**
**IDO Bajhang**



## युएईमा रोजगार

कम्पनी: Inspire Integrated Facilities Management L.L.C — शहर: Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८०/११/०६ — चलानी नं.: ६०२१५१५९ — L.T. No.: 300279 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 34 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 1) | 60 | 0 | | 1300 | ४८,४६४ | | | | | | | |
| 3. | Rope Access Cleaners (Level 3) | 10 | 0 | | 1600 | ५९,६४८ | | | | | | | |

**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा २०८२ बैशाख ११ गते (24 April 2025) मा हुनेछ।**
**अन्तर्वार्ता पाण्डे टावर बिल्डिङ तिलोत्तमा रूपन्देही बुटवलमा २०८२ बैशाख १२ गते (25 April 2025) मा हुनेछ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ बैशाख १३ गते (26 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD.** — श्रम इजाजत नं.: १६४८/०८०/०८१
Itahari- 981-5360583, 981-7924154, Butwal- 9767621619, 9851400550, 9765223722
Sinamangal-09, Kathmandu, Nepal, 9851400550, 9765223722 | Email: info@securenepaljobs.com



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०६/२५ मा दर्ता भएको **प्रा.लि. नं. ३००५३१** को **नारायण डि.वी. हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८२/०१/०१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**



## सुर्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दौलिचौर, बझाङ्ग, सुदुरपश्चिम प्रदेश, नेपाल**

### पुनः बोलपत्र आह्वान सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/०४ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको खरिद कार्यका लागि पुनः बोलपत्र आह्वान गरिएकोले ईच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिनभित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (http://www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| सि.न. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ.कर समेत) | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १. | SEALEDQTWorks/01/2081/082 Procurement of Tallo Gotanna Samudayik Swasthya Ekai Kendra Bhawan Nirman Surma Rural Municipality Ward–03, Bajhang | रु १४,५६,३३५।४० | रु ४०,०००। | रु १,०००। |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (http://www.bolpatra.gov.np/egp) मा सर्म्पक राख्न सकिने छ।

# मेडिकल कलेजको सिट संख्या र शुल्क पुनरावलोकनका लागि कार्यदल गठन



**काठमाडौं/मस-** प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बुधबार बसेको चिकित्सा शिक्षा आयोगको १८औं बैठकले निजी मेडिकल कलेजमा एमबीबीएस र बीडीएसको सिट संख्या र शुल्क संरचना पुनरावलोकनका लागि ११ सदस्यीय कार्यदल गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट १० दिनभित्र राय सुझाव पेस गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा दीपक काफ्लेको संयोजकत्वमा कार्यदल गठन गरिएको हो । कार्यदलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा विकास देवकोटा, त्रिभुवन विश्वविद्यालय, चिकित्सा शिक्षा शास्त्र संकायका डीन डा मोहन शर्मा, काठमाडौं विश्वविद्यालय, चिकित्सा शास्त्र संकायका डीन डा मनोज हुमागाईं, विज्ञहरु डा भगवान कोइराला, डा रमेशकान्त अधिकारी, डा दिव्यासिंह शाह, डा मंगल रावलल तथा नेपाल मेडिकल कलेजका अध्यक्ष डा अनिल कार्की र एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजका अध्यक्ष डा ज्ञानेन्द्र कार्की सदस्य रहेका छन् ।

एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजले आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता उपलब्ध गराउन कठिनाइ हुने विषयमा ध्यानाकर्षण गराएको र विद्यार्थीहरुले उक्त भत्ता नपाइए पुनः आन्दोलन गर्ने चेतावनी दिएको सन्दर्भमा प्रधानमन्त्री ओलीले आयोगको बैठक डाकेका हुन् ।

यसअघि गत माघ २५ गतेको आयोगको १६औं बैठकले आवासीय चिकित्सकहरुको आन्दोलनको माग सम्बोधन गर्दै निजी मेडिकल कलेजले सरकारी सरह (आठौं तह) को मासिक रु ४८ हजार ५०० निर्वाह भत्ता कायम गर्नुपर्ने निर्णय गरेको थियो । सिट संख्या र शुल्क वृद्धिका लागि अध्ययन हुने भएपछि निजी मेडिकल कलेजले आयोगबाट तोकिएको निर्वाह भत्ता दिनुपर्नेछ र विद्यार्थीको म्याचिङ सुरु हुनेछ। आयोगको अर्को बैठक यही वैशाख १५ गते बस्नेछ ।

# यौन दुर्व्यवहारमा परेकी आनन्दी मृत फेला घटनाबारे छानबिन गर्न गृहमन्त्रीको निर्देशन



**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले सिरहामा यौन दुर्व्यवहारमा परेर ज्यान गुमाएकी महिलाको घटनाबारे छानबिन गर्न प्रहरीलाई निर्देशन दिएका छन्। गृहमन्त्री लेखकले सिरहाको नवराजपुर गाउँपालिका-३ स्थित जगतपुरकी २४ वर्षीया आनन्दीदेवी सदायको मृत्यु प्रकरणबारे सत्यतथ्य छानबिन गर्न प्रहरी प्रशासनलाई निर्देशन दिएका हुन् ।

करिब चार महिनाअघि यौन दुर्व्यवहारमा परेकी सदाय मंगलबार आफ्नै घरमा मृत फेला परेकी थिइन् । गृहमन्त्री लेखकले यस घटनाका सम्बन्धमा गम्भीर चासो व्यक्त गर्दै प्रहरी महानिरीक्षक दीपक थापालाई फोन गरी घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गर्न निर्देशन दिएको गृह मन्त्रालयको सचिवालयले जनाएको छ ।

नवराजपुर गाउँपालिका-३ जगतपुरकी २५ वर्षीया आनन्दीदेवी सदाय मंगलबार सोही ठाउँमा रहेको माइतीघरमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन्। आनन्दीदेवीले ९ पुसमा सोही ठाउँका २२ वर्षीय सञ्जीवकुमार यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले यौन दुर्व्यवहार गरेको बताएकी थिइन्। आनन्दीदेवीका श्रीमान् भने वैदेशिक रोजगारीमा छन् । आनन्दीदेवी दुई वर्षीया छोरीसहित माइतीमा बस्दै आएकी थिइन् । मृतकको शव परीक्षणका लागि लहानस्थित प्रादेशिक अस्पतालमा राखिएको प्रहरीले जनाएको छ। घटनाका विषयमा विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ४ हजार जनाको ई-सेवाबाट १ करोड रुपैयाँ चोरी




**काठमाडौं/मस-** ई-सेवाबाट १ करोड रुपैयाँभन्दा बढी रकम चोरी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ घर भइ हाल काठमाडौंको अनामनगर बस्ने २२ वर्षीय राहुल बुढा रहेका छन् ।

बुढाले ईसेवा प्रयोगकर्ताहलाई एसएमएसमार्फत द अर्लट, एटी अलर्टजस्ता फिसिङ लिंक पठाएर 'तपाईंको खाता सस्पेन्ड' हुन लागेको भन्दै चेतावनी पठाएर रकम चोरी गर्ने गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । प्रहरी उपरीक्षक अंगुर जिसीका अनुसार बुढाले ४ हजारभन्दा बढी व्यक्तिहरुको ई-सेवामा मौजदात रहेको रकम चोरी गरेका हुन् । उनले १ करोड २ लाख रुपैयाँ बराबरको रकम चोरी गरेको खुल्न आएको प्रहरी उपरीक्षक जिसीले जानकारी दिए ।

बुढाले लिंक पठाएपछि तपाईंको खाता सस्पेन्ड हुन लागेको चेतावनी दिँदै भेरिफाइको लिंक खोल्न लगाएर व्यक्तिका ई-सेवामा पुहुँच पुर्‍याएको प्रहरी उपरीक्षक जिसीले बताए । उक्त रकम उनले पशुपति ग्लोबल इनोभेशन प्रा.लि.को मर्चेन्ट खाताहरुमा जम्मा गरेको पाइएको पनि प्रहरी उपरीक्षक जिसीले जानकारी दिए । उनलाई थप अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको प्रहरीले जनाएको छ ।

# नयाँ प्रजातिको चरा भेटियो



**चितवन/मस-** पूर्वी नेपालको इलाम सुखानीमा नयाँ प्रजातिको चरा-बैजनी कोइली फेला पारेका छन् । नेपाल र मलेसियाका चरा विज्ञहरूको टोलीले उक्त चरा फेला पारेको हो । नेपाल पन्छीविद् संघले बुधबार यस बारेमा जानकारी दिएको छ ।

२५ चैतमा नेपालका चराविद् राजेन्द्र गुरुङसहितको टोलीले चरा अवलोकनको क्रममा समुन्द्र सतहबाट ३ सय मिटर उचाइमा रहेको सुखानी वन क्षेत्रमा उक्त चरा फेला पारेको थियो । गुरुङको साथमा मलेसियकाका चरा विज्ञ एलेकजान्डर जोन एड याङ र रोजर रोबर्ट राजा पनि थिए । टोलीमा नेपाली चराविद् अनिश तिमिल्सिना पनि संलग्न थिए । बिहान देखा परेको उक्त चरा 'भ्वाइलेट कुक्कु' भएको टोलीले प्रारम्भिक पहिचान गरेको थियो । थप पुष्टिका लागि उनीहरूले आफूले खिचेको चराका फोटो र भिडियो २८ चैतमा नेपाल बर्ड रेकर्ड कमिटीमा पठाएका थिए। रेकर्ड कमिटीले स्वदेशी विदेशी चराविज्ञहरूको राय लिएर उक्त चरा नेपालका लागि नयाँ भएको पत्ता लगाएको कमिटीका तर्फबाट डा. तुलसी सुवेदीले जनाएका छन् । अंग्रेजी नाम भ्याइलेट कुक्कु रहेको सो चराको वैज्ञानिक नाम क्राइसोककस साइन्थोरिङ्कस हो । योसँगै नेपालमा पाइने चराको प्रजातिको संख्या ८९९ पुगेको छ ।


## Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicant.

Documentation - 2 (Male/Female)
PRO - 2 (Male/Female)
Reception - 1 (Female)

SALARY Negotiable

**Requirements:**
- Educational qualification +2 pass.
- Should know Nepali & English typing, With coompuer Knowledge.
- Minimum 2 years experience in the recruitment field.

- **Send your cv on office mail : signalintl21@gmail.com dilipbhndr@gmail.com**

**SIGNAL INTERNATIONAL PVT. LTD.** Govt. Lic. No. 758/064/065
P.O. Box. No: 25017, Kupondol, Lalitpur, Nepal, Contact.: +977-1-5905886 / 5905887 9802003797, Website: www.signalintel.com.np



## युएईमा रोजगार

कम्पनी: BIN GHATTI TECHNICAL SERVICES CO — शहर: UAE
पुर्व स्वीकृत मितिः २०८२/०१/०३ — चलानी नं.: ६०२३६१०३ — LT. No. 322007

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ बैशाख ११ गते (24 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD** श्रम इजाजत नं. ११३६/०७३/०७४
Bhatkeko pool, Sinamangal,kathmandu, Tel: 014590678, 014592910, 9801671085, 9808248185 Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, Web.: www.deepjyotimanpower.com.np



## कतारमा रोजगार

कम्पनी : Katara Towers Hotels Management — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०६/१६ — चलानी नं.: ६०२२६१५४ — LT. No.: 311527 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HOTEL SERVICE | 2 | 4 | स. काममा दक्ष | 1600 | ५७,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ११ गते (24 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**लाईफ लाईन ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१, Mobile No: 9851040960 | 9851017534 | 9851180954
Drop your CV at Poc@lifelineoverseas.com



## साउदीमा रोजगार

कम्पनी: ASASAR EMPLOYMENT CORPORATION — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/११/२७ — चलानी नं.: ६०२३४३१२ — LT. No.:319907 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Labour/Helper | 45 | 0 | स. काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ११ गते (24 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**Well Growing Recruitment (P.) Ltd.** श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635 | www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.
Mobile: 9866550748, 9741827319, 9810673421, 9827707245 & 9864903199



Government of Nepal
Water Sector Governance and Infrastructure Support Project
Dipayal-Silgadhi Project Implementation Unit
Dipayal-Silgadhi Municipality, Doti

## Notice for financial bid opening

**Date of publication: 2025-04-17 (AD)**

As per our E-bid invitation notice for "Construction of Smart Public Toilets at Dipayal Silgadhi, Doti" (IFB.No:02/WS/PIU/DOTI), this is to notify that the following bidders have been substantially responsive for financial bid opening. Hence it is to inform all the concerned parties hereby to attend the financial bid opening that will be at 13:00 hours on 24 April, 2025.

| S. N. | Name of Successful Firm/Company |
|---|---|
| 1. | Ashu/D.B. JV, Nawadurga-01, Dadeldhura |
| 2. | Jayamata Engineering Construction Pvt Ltd., Chauri-7, Kavre |
| 3. | Kinara Nirman Sewa, Dhangadhi, Kailali |

**Project Manager**



**रामप्रसादराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बैकुन्ठे, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/०१/०४**

यस कायालयको बोलपत्र आह्वानको सूचना अनसार तपसिलका निर्माण कायको लागि प्राप्त बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कीत सारभतूरुपमा प्रभावग्राही निम्न बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बधित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | 06/RPRRMUN/2081/082 | Cold Store Okhre and Baikunthe. | चण्डेश्वरी कन्स्ट्रक्सन, सोलुखुम्बु | २,८६,२९,०४२.९२ | |

**प्रमुख प्रशासकीय अधिकृत**



**रामेछाप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामेछाप बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०१/०४)**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मुल्यांकन हुँदा तपशिल अनुसारको वोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्बजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | बोलपत्रको नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ. कर र पि.एस. सहित) | सूचना प्रकाशित मिति |
|---|---|---|---|---|
| 1 | RM/08/081/082, Birhat Gothgaun Khanepani Project | Abiral Construction Suppliers and Engineering Consultancy | 6,021,576.39 | 2081/11/28 |

**प्रमुख प्रशासकीय अधिकृत**



**प्रदेश सभा सचिवालय**
**लुम्बिनी प्रदेश**
**राप्ती उपत्यका,(देउखुरी), नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८२/१/४

यस सचिवालयको मिति २०८१/११/१३ मा विद्युतीय बोलपत्र नं SOPA/GOODS/NCBB/२०८१/८२-०३ बमोजिम पेश हुन आएका बोलपत्रहरुको यस सचिवालयको मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक न्यूनतम सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनार्थ जानकारी गराइन्छ साथै सोही ऐनको दफा ४७ को उपदफा (१) प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि. नं. | सूचना नं | खरिद कार्यको विवरण | छनौट भएको दरभाउपत्र प्रस्तावदाताको विवरण | कवोल रकम भ्याट सहित |
|---|---|---|---|---|
| १ | SOPA / GOODS / NCB / २०८१ / ८२ - ०३ | जेनेरेटर खरिद | आर.एम. एस. इन्टरनेशनल काठमाडौं | ३९,१५,४५०।- |

मध्यान्ह
www.madhyanhadaily.com
४ वैशाख २०८२ बिहीबार
17 April 2025, Thursday

## सम्पादकीय

# खराब मानकको रोजाइ

नयाँ वर्ष २०८२ सुरु भएसँगै सरकार परिवर्तनको चर्चा बाक्लिएको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले सचिवालय बैठक राखेरै सरकार परिवर्तनको हल्ला निरर्थक भएको प्रस्टोक्ति दिएको छ । सरकार फेरिने प्रचारको खण्डन गर्नुपर्ने परिस्थिति निर्माण हुनुमा भने विकसित राजनीतिक घटनाक्रमले काम गरेको देखिन्छ । केही दिनयता प्रमुख सत्तारूढ नेपाली कांग्रेसका नेताहरूले सरकारप्रति चर्को असन्तुष्टि जनाइरहेका छन् । महामन्त्री गगन थापाको अभिव्यक्तिलाई विशेष चासोका साथ हेरिएको छ किनकि थापा वर्तमान सरकार संचालनलाई सहजीकरण गर्न बनेको उच्चस्तरीय संयन्त्रका प्रमुख नेता हुन् । सभापति शेरबहादुर देउवाको नजिक रहेरै संयन्त्रमा काम गरिरहेका थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि वर्तमान सरकारप्रति असन्तुष्टि जनाइरहेका छन् ।

कांग्रेसका संस्थापनइतर समूहको नेतृत्व गर्ने डा. शेखर कोइरालाले त पहिलेदेखि नै सरकारको आलोचना गर्दै आएका थिए । कोइरालाको अभिव्यक्तिलाई खासै चासोका साथ हेरिएको थिएन । विपक्षी नेताहरूले सरकार धेरै नटिक्ने भन्नुलाई पनि स्वाभाविक नै मानिएको थियो । प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले लगातार सरकार धेरै नचल्ने भनिरहेकै थिए तर माओवादी केन्द्रसहित विपक्षी दलहरूसँग जम्मा ८० सिट छन् । विपक्षमा रहेको उक्त संख्याले सरकारको आयुलाई ठूलो फरक पर्दैनथ्यो । त्यसैले, एमाले अध्यक्ष ओली नेतृत्वको सरकारबारे विपक्षीहरूले भनिरहेको कुरालाई राष्ट्रिय राजनीतिमा धेरै महत्त्व दिइएको थिएन । केही दिनयता भने विपक्षी नेताहरूकै लयमा कांग्रेसका नेताहरू बोलिरहेका छन् ।

नेताहरूका अनुसार कांग्रेस–एमाले नेतृत्वको वर्तमान सरकार संकटमा पर्नुको कारण सेवा प्रवाहको स्थिति होइन बरू नेपाल राष्ट्र बैंकको गभर्नर, त्रिभुवन विश्वविद्यालयको उपकुलपति जस्ता राजनीतिक भागबन्डा हुन् । भागबन्डा नमिलेकै कारण सत्ता संकटमा पर्न लागेको तथ्य घटनाक्रमहरूले पनि पुष्टि गर्छन् किनकि पद रिक्त हुनु १ महिनाअघि नियुक्त गरिनुपर्ने गभर्नर अझै नियुक्त हुन सकेको छैन । कांग्रेस र एमालेले आफ्नो भागमा पाउनुपर्ने अडान छाडेका छैनन् । यस्तो अवस्था आउनु भनेको संवैधानिक अंगहरूमा राजनीतीकरणको चरम उदाहरण हो । परिणाम भने मुलुकलाई राजनीतिक अस्थिरतातिर धकेल्ने, राज्य संयन्त्रहरूलाई कमजोर पार्ने र व्यवस्थाप्रति नै प्रश्न उठ्ने भइरहेको छ । पक्कै पनि सरकार परिवर्तन दलहरूकै निर्णय हो तर त्यसका आधारमा सरकारको कार्यसम्पादन हुनुपर्छ, राजनीतिक भागबन्डा होइन ।

# ट्रम्पको भन्सार कर नीति र नेपाल

*नेपालबाट अमेरिकामा उल्लेख्य निर्यात नभए पनि नीतिगत रूपमा भने ट्रम्प प्रशासनले लिएको नीतिबाट दीर्घकालीन नीति तर्जुमा गर्न भने सहयोग पुग्ने देखिन्छ...*

अग्रलेख



● नारायण अर्याल

अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले व्यापार नीतिहरूमा ठूलो परिवर्तन ल्याएको छ । विशेषतः भन्सार करहरूको क्षेत्रका बारेमा गरेको नयाँ नीति परिवर्तनले विश्वव्यापी व्यापार संरचनामा ठूलो असर पारेको छ । राष्ट्रपति ट्रम्पले देशअनुसार लिएको भन्सार दर कायम गर्ने नीतिले चीनलगायत कतिपय देशले प्रतिक्रियास्वरूप भन्सार दर घोषणा गरेका छन् ।

डोनाल्ड ट्रम्पले अमेरिकालाई 'अमेरिका फर्स्ट'को नारा दिएर विदेशी सामानमा अधिक भन्सार कर लगाउने नीति लागू गरे । यसको मुख्य उद्देश्य अमेरिकाको उत्पादनलाई बचाउनु र अमेरिकामा बनाइएका वस्तुहरूको प्रतिस्पर्धात्मकता बढाउनु रहेको जनाइएको छ ।

विदेशी वस्तुहरूको आयातमा ठूलो शुल्क लगाएर घरेलु उद्योगको संरक्षण गर्दै आफ्नो व्यापारघाटा घटाउने प्रयासमा ट्रम्प अगाडि बढेका पनि कतिपय विश्लेषकले तर्क गरेका छन् । ट्रम्पको भन्सार नीति विशेषगरी चीन, युरोप र अन्य मुख्य व्यापारिक साझेदारहरूमा लक्षित रहेको देखिन्छ । तर, उनले चीनसँगको व्यापार युद्धलाई बढावा दिँदै अन्य मुलुकबाट आयात हुने वस्तुमा १० प्रतिशतदेखि ५० प्रतिशत बढीसम्म भन्सार कर बढाएका छन् । ट्रम्पले अगाडि सारेको नीतिका कारण अमेरिका वस्तु निर्यात गर्ने देशहरूलाई ठूलो असर गर्ने र अमेरिकी उपभोक्ताहरूलाई वस्तु खरिदमा महँगो पर्ने भएको छ । विश्व व्यापारमा निर्भर रहेका मुलुकहरूको अर्थतन्त्र नै चौपट हुनेसमेत अनुमान गरिएको छ ।

### नेपालले के सिक्न सक्छ ?

राष्ट्रपति डोनाल्ड ट्रम्पले साझेदार राष्ट्रहरूका लागि फरक र प्रतिस्पर्धी राष्ट्रहरूका लागि रेसिप्रोकल (जबाफी) करको घोषणा गरेका छन् । नेपालबाट अमेरिकामा उल्लेख्य निर्यात नभए पनि नीतिगत रूपमा भने ट्रम्पले लिएको नीतिबाट दीर्घकालीन नीति तर्जुमा गर्न सहयोग पुग्ने देखिन्छ । लामो समयदेखि अमेरिका स्वयं विश्वव्यापीकरणको पक्षपाती देश हो । तर, व्यापारघाटा र राष्ट्रको ऋण बढ्दै गएपछि उसले आफूले अंगीकार गर्दै आएको उदार अर्थराजनीतिकै विपक्षमा राष्ट्रलाई केन्द्रमा राखेर वैदेशिक व्यापारका नीतिहरूमा कठोर हेरफेर गरेको छ ।

अमेरिकाले चालेको सो नीतिले विश्व व्यापार र साझेदारीसँगै देशको अर्थतन्त्र र राष्ट्रिय हित नै मुख्य हो र दीर्घकालीन हो भन्ने मानकलाई पुनः स्थापित गरेको छ, जसलाई विशेषतः राष्ट्रिय पुँजीवादी र कम्युनिस्टहरूले मात्र उठाउँदै आएका थिए । नेपालले ट्रम्पको नीतिबाट यो सिक्न सक्छ कि व्यापार नीति सधैं लचिलो र परिवर्तनशील हुनुपर्छ । कुनै पनि व्यापारिक सम्झौतामा अमेरिका जस्तो शक्तिशाली राष्ट्रसँग व्यापार गर्दा मात्र होइन, अन्य राष्ट्रहरूसँगको व्यापार गर्दा पनि व्यापारिक रणनीति परिमार्जन गर्न जरुरी छ ।

नेपालले अमेरिका र अन्य प्रमुख साझेदारहरूसँगको व्यापार सम्झौतामा समयसमयमा संशोधन र फेरबदल गर्नका लागि तयारी गर्नुपर्ने हुन्छ । यसका लागि नेपालले अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी छलफल र वार्ता प्रक्रियामा सक्रियता देखाउन आवश्यक छ । ट्रम्पको नीतिले विशेषगरी अमेरिकाको उत्पादन क्षेत्रलाई बलियो बनाउने उद्देश्य राखेको नजिकबाट देख्न सकिन्छ ।




नेपालले यस नीतिबाट यो सिक्न सक्छ कि स्थानीय उत्पादनलाई प्रोत्साहन र सशक्त बनाउन अत्यन्त महत्त्वपूर्ण छ ।

यदि नेपाल विदेशी वस्तुहरूको आयातमा निर्भर रहन्छ भने भविष्यमा कुनै न कुनै बाह्य कारकले समस्यामा पर्न सक्छ । उदाहरणका लागि, अमेरिकी भन्सार नीतिका कारण नेपाललाई महँगा सामग्रीहरूको सामना गर्नुपर्ने हुन सक्छ । यसबाट बच्नका लागि नेपालले स्वदेशी उत्पादन र औद्योगिक विकासलाई प्राथमिकता दिनुपर्ने छ । कृषि र उत्पादन क्षेत्रका लागि पर्याप्त नीति र सुविधाहरू सुनिश्चित गरेर नेपालले स्वदेशी उत्पादनमा निर्भरता बढाउन सक्छ ।

साथै, नेपालको व्यापार संरचना अझै पनि सीमित छ र केही प्रमुख साझेदार राष्ट्रहरूमा निर्भर छ । ट्रम्पको नीतिका कारण विश्वका धेरै देशले आजको दिनमा सामना गर्नुपरेको समस्या जस्तै नेपालले पनि भविष्यमा अन्य कुनै पनि देशबाट गम्भीर प्रकारको समस्या झेल्नुपर्ने र अर्थतन्त्र नै संकटमा पुग्न सक्ने अवस्थ सिर्जना हुन सक्छ । यो मात्र होइन कि वैदेशिक व्यापारमा हुन सक्ने कठिनाइले आधारभूत जीवन नै संकटमा पुग्न सक्छ । यस्तो अवस्थामा नेपालले आफ्नो व्यापारिक साझेदारीलाई विविधीकरण गर्न आवश्यक छ ।

नेपालले चीन, भारत, युरोप र दक्षिण एसियाका अन्य मुलुकसँग पनि व्यापार वृद्धि गर्न सक्ने रणनीति बनाउनुपर्छ । यसका लागि नेपालले द्विपक्षीय व्यापार सम्झौताहरू र बहुपक्षीय व्यापार सम्झौताहरूमा संलग्नता बढाउन सक्छ । नेपालको मुख्य चुनौती भनेको आफ्नो निर्यातलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनु हो । नेपालले आफ्नो निर्यातलाई बढावा दिनका लागि आफ्ना उत्पादनहरूको गुणस्तर र मूल्य प्रतिस्पर्धा सुधार गर्नुपर्ने छ । साथै, नेपालले निर्यातमा थप विविधता ल्याउने प्रयास गर्न सक्छ । यसका लागि नेपालले आफ्ना कृषि उत्पादनहरू, हस्तकला र साना उद्योगहरूको मार्केटिङलाई सुधारेर विश्व बजारमा ती वस्तुहरूको माग बढाउनका लागि योजनाबद्ध काम गर्नुपर्ने देखिन्छ ।

> ट्रम्पको भन्सार नीति अमेरिकी उद्योगहरूको नवप्रवर्तन र प्रतिस्पर्धालाई प्रोत्साहन दिने उद्देश्यले पनि ल्याइएको हो । नेपालले पनि आफ्नो उद्योग क्षेत्रमा नवप्रवर्तन र नयाँ प्रविधिको उपयोगमा ध्यान दिनुपर्ने आवश्यकता छ...

नेपालले व्यापारिक नीतिहरूलाई सुधार्ने क्रममा नवप्रवर्तनको विकास गर्नुपर्ने अपरिहार्य आवश्यकता छ । ट्रम्पको भन्सार नीति अमेरिकी उद्योगहरूको नवप्रवर्तन र प्रतिस्पर्धालाई प्रोत्साहन दिने उद्देश्यले पनि ल्याइएको हो । नेपालले पनि आफ्नो उद्योग क्षेत्रमा नवप्रवर्तन र नयाँ प्रविधिको उपयोगमा ध्यान दिनुपर्ने आवश्यकता छ । यसका लागि नेपालले शैक्षिक र प्राविधिक संस्थाहरूमा विशेष ध्यान दिनुपर्छ ताकि युवाहरूलाई आधुनिक व्यावसायिक सीप र ज्ञान प्रदान गर्न सकियोस् । यसले नेपालका उद्योगहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने मौका दिन सक्छ ।

ट्रम्पको अमेरिकी भन्सार कर नीति अन्तर्राष्ट्रिय व्यापार संरचनामा एक महत्त्वपूर्ण मोड ल्याउने कदमको रूपमा रहने अनुमान पनि गर्न सकिन्छ । नेपालका लागि यसले विभिन्न चुनौतीहरू र अवसरहरू प्रस्तुत गरेको छ । नेपालले यस नीतिबाट गतिशील व्यापारिक रणनीतिको तर्जुमा, स्वदेशी उत्पादनको प्रोत्साहन, व्यापार विविधीकरण, निर्यात प्रवर्द्धन र नवप्रवर्तनको विकासलाई अगाडि बढाउन आवश्यक नीति, ऐन/कानुनको क्षेत्रमा काम गर्नुपर्छ ताकि विदेशी नीतिहरूको प्रभावलाई नियन्त्रण गर्न सकियोस् र देशको आर्थिक विकासमा प्रगति हासिल गर्न सकियोस् ।

## इतिहासमा आज


१७ अप्रिल १९७५ मा कम्बोडियाको ५ वर्षे गृहयुद्ध समाप्त भएको थियो ।



१७ अप्रिल १९७० मा अपोलो १३ अन्तरिक्ष यात्री जेम्स ए. लोभेल, फ्रेड डब्ल्यू. हाइस र ज्याक स्विगर्ट चन्द्रमामा जाँदै गर्दा अक्सिजन ट्यांकी फुटेको ४ दिनपछि प्रशान्त महासागरमा सुरक्षित रूपमा अवतरण गरेका थिए ।



१७ अप्रिल १९७२ मा बोस्टन म्याराथनले महिलाहरूलाई पहिलो पटक प्रतिस्पर्धा गर्न अनुमति दिएको थियो । निना कुस्सिक पहिलो आधिकारिक रूपमा मान्यता प्राप्त महिला च्याम्पियन थिइन् ।



१७ अप्रिल १९८६ विश्वको सबैभन्दा लामो युद्ध (नेदरल्यान्ड्स र सिलीबीचको युद्ध) एउटा गोली पनि नचलाईकन समाप्त भएको थियो ।



## सामाजिक सञ्जाल



डम्बर खतिवडा

अहिलेको सरकार परिवर्तन न प्रचण्डको मुख मिठ्याइँले हुन्छ, न एमाले खण्डनले रोक्छ, न गगन-शेखर-विश्वप्रकाशहरूको गनगनले कुनै अर्थ राख्छ । यो सरकारको एकल टेको देउवा हुन् । ओली सरकार देउवाको इच्छामा निर्भर छ । जाँतोभन्दा हातोलाई सकसक भनेजस्तो देउवा मौन छन्, अरूलाई किन र कति हतारो ?



सूर्यराज आचार्य

कुनै विषयमा लगातार विद्यार्थीको नतिजा निराशाजनक आउँदा सम्बन्धित शिक्षकलाई जबाफदेही बनाउने प्रावधान ऐनमा समावेश गरिनुपर्छ । त्यस्ता शिक्षकको योग्यता तथा दक्षताको पुनः परीक्षण गरिने व्यवस्था होस् । अयोग्य ठहरिएमा स्थायी नियुक्ति भए पनि हटाउन सकिने प्रावधान राखिनुपर्छ ।



राधाकृष्ण कटवाल

नयाँ शैक्षिक सत्रको समयमा शिक्षक २ सातादेखि सडक आन्दोलनमा हुँदा पनि थाहा नहुने, निदाएको बहाना बनाएर सुत्ने ओली नेतृत्वको सरकारलाई कसले उठाइदिने होला ? शान्तिपूर्ण आन्दोलन नदेख्ने यो मानसिक दृष्टिविहीन सरकारको आँखा कहिले खुल्ने होला ?



तारानाथ दाहाल

२ प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमाले संसद्मा सहज बहुमतसहित सरकारमा जानुले देशका समस्याहरू समाधान गरेर सुशासन दिन र विकास तीव्र पार्न निकै बल पुग्छ भन्ने विश्वास थियो । तर, यो भ्रममा रहेछु म । न कानुन पास गर्न, न सहज नियुक्ति गर्न, न लगानी बढाउन, कतै पनि यो काम लागेन ।

# नेपाली जडीबुटीको बजारीकरण

विचार



● उत्तम कार्की

> *सरकारले नै जडीबुटी प्रवर्द्धनमा चासो नदेखाएकाले मागअनुसार विदेश निर्यात गर्न सकिएको देखिन्न । बढ्दो मागअनुसार आपूर्ति गर्न उत्पादन बढाउनुपर्ने अवस्था त छ नै, भूगोलअनुसार उत्पादन हुने जडीबुटी पहिचान गरेर स्थानीय निकायले यसलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ...*

वनस्पति विभागका अनुसार ७ हजार फूल फुल्ने वनस्पतिमध्ये ८१९ प्रजातिका वनस्पति औषधिका रूपमा प्रयोग हुँदै आएका छन् । नेपालमा सबैभन्दा बढी कर्णाली क्षेत्रमा तथा कम गण्डकी क्षेत्रमा जडीबुटी उत्पादन हुन्छ । कर्णाली क्षेत्रको अनुकूल हावापानी तथा जलवायुका कारण बढी मात्रामा जडीबुटी उत्पादन हुने गरेको पाइन्छ । हिमाली क्षेत्रमा पाइने जटामसी, कुट्की, अतिस, पद्मचाल तथा पहाडी क्षेत्रमा चिराइतो, टिमुर, तेजपात, दालचिनी, सुगन्धवाल र तराईमा पाइने मेन्था, केमोमाइल, सिट्रोनेला, कुरिलो, सर्पगन्धालगायतका जडीबुटी औषधिका रूपमा प्रयोग हुने गरेका छन् । नेपालमा उत्पादन हुने अधिकांश जडीबुटी भारत र चीनमा निकासी हुने गरेको छ ।

तर, करोडौंका जडीबुटी अत्यन्त कम मूल्यमा विक्री भई विदेश निकासी हुने गरेका छन् । प्रशस्त जडीबुटी रहेको कर्णाली प्रदेशका बहुमूल्य जडीबुटीको उचित प्रयोग नहुँदा र राज्य पक्षले आवश्यक ध्यान नदिँदा ती कौडीको मोलमा विक्री भइरहेका स्थानीयको गुनासो आइरहन्छ ।

उसै त विकट र विकासमा पछाडि परेको क्षेत्र भनेर चिनिने कर्णाली क्षेत्र प्राकृतिक र जडीबुटीका हिसाबले भने बहुमूल्य छ तर सरोकारवालाले यता ध्यान दिन नसक्दा कर्णालीका दुःख कहिल्यै समाधान नहुने अवस्था बनेको हो । यहाँ जडीबुटी खेती प्रवर्द्धन गरेर कर्णालीमा उत्पादित जडीबुटीलाई व्यवस्थित रूपमा विक्री वितरण गर्ने हो भने मात्र पनि जडीबुटीबाटै कर्णालीको आर्थिक समृद्धि सम्भव रहेको देखिन्छ । कर्णालीलाई जडीबुटीको क्षेत्र भनेर घोषणा गर्नुमै सरकारले आफ्नो दायित्व पूरा भएको ठानेको छ । तर, यहाँका जडीबुटीको उपयोग गर्ने, तिनलाई ब्रान्डिङ गर्ने, व्यापकीकरण गर्ने, प्रशोधन गर्नेतर्फ सरकार मौन छ । कर्णालीमा १४७ जातका जडीबुटी पाइने भए पनि प्रशोधन भण्डारणका लागि नेपालगंज लैजानुपर्ने बाध्यता रहेकाले समस्या परिरहेको छ ।

प्रशस्त औषधिजन्य जडीबुटी हुँदाहुँदै यहाँका जडीबुटी निकै सस्तोमा विदेश निर्यात हुँदै आएका छन् । सरकारी तथ्यांकअनुसार वार्षिक करिब १२ हजार मेट्रिक टन जडीबुटी कर्णालीबाट निर्यात हुँदै आएको छ । ती सबै जडीबुटी प्रशोधनबिना नै कच्चा पदार्थका रूपमा निर्यात हुने गरेका छन् ।

प्रदेशमै कच्चा पदार्थको प्रशोधन गरी तयारी सामग्री अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सके आम्दानीको थप स्रोतसमेत प्राप्त हुन सक्छ । यसले कर्णाली प्रदेशको समग्र आर्थिक र भौतिक विकासमै टेवा पुग्न सक्छ । वीरेन्द्रनगरमा सुगन्धित तेल उत्पादन गर्ने उद्देश्यले स्थापना भएको उद्योग 'बायो-कर्णाली एरोमा'ले खेर गएको जडीबुटीको उपयोग गरी राम्रो आम्दानी गर्न सकेको उदाहरण नै काफी छ ।

कर्णालीमा रहेका जडीबुटीबाट प्रशोधन गरी विभिन्न औषधि वा सौन्दर्य, सुगन्ध चिकित्सा, स्वच्छ सरसफाइका क्षेत्रमा प्रयोग गर्न सकिए यसले एसिया मात्र नभएर युरोप र अमेरिकाका बजारमा पनि राम्रै स्थान लिन सक्ने विज्ञहरूले बताउँदै आएका छन् । कर्णालीमा सरकारी तवरबाट जडीबुटी परीक्षण प्रयोगशाला तुरुन्त स्थापना गर्न जरुरी छ । विदेश निकासी गर्दा अपनाउनुपर्ने मापदण्ड पूरा गर्न विभिन्न प्रयोगशालाबाट प्रमाणित हुनपर्ने प्रावधान हुन्छ । विश्व बजारमा नेपाली जडीबुटीको माग बढेको छ तर मागअनुसार निर्यात हुन सकेको छैन । कोभिड महामारीपछि जडीबुटीको महत्त्व झनै बढेको विज्ञहरूको मत छ । कोभिड- १९ पछि जडीबुटीको महत्त्व बढेपछि माग पनि बढेको छ । जटामसीलगायतका जडीबुटीको बजार मूल्य पनि बढ्दै गएको व्यवसायीहरू बताउँछन् । हुम्ला र जुम्लाका हिमाली भेग जटामसीका उर्वर क्षेत्र हुन् ।

सरकारले नै जडीबुटी प्रवर्द्धनमा चासो नदेखाएकाले मागअनुसार विदेश निर्यात गर्न सकिएको देखिन्न । बढ्दो मागअनुसार आपूर्ति गर्न उत्पादन बढाउनुपर्ने अवस्था त छ नै, भूगोलअनुसार उत्पादन हुने जडीबुटी पहिचान गरेर स्थानीय निकायले यसलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ । हरेक स्थानीय तहले आफ्ना क्षेत्रमा उत्पादन हुने वा हावापानीअनुसार कस्ता किसिमको जडीबुटी उपयुक्त हुन्छ, त्यो अनुसार उत्पादन गर्न सक्नुपर्छ । केन्द्र सरकारले यसका लागि आवश्यक सहजीकरण गर्ने, सहज नीति, कानुनहरू बनाइदिने, प्रशोधन कारखानाहरू स्थापना गरिदिनेलगायतका काम गर्न आवश्यक छ । सँगसँगै जडीबुटी खेतीका लागि आवश्यक तालिम र अनुदानको व्यवस्था गर्न संघ, प्रदेश र स्थानीय सरकारले तदारुकता देखाउन पनि जरुरी छ ।

# वीरेन्द्रनगर र त्रिपुरासुन्दरी नगरपालिकाबीच सम्झौता

पुर्ण सार्की/मध्यान्ह
डोल्पा, ३ वैशाख

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका र सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाबीच नवीनतम अभ्यास र सेवा प्रवाह सुधारका लागि आपसी साझेदारीमा सिकाइ आदानप्रदानसम्बन्धी सम्झौता भएको छ । मंगलबार कर्णाली प्रदेशसभाकी सभामुख नन्दा गुरुङसहितको टोलीसँग डोल्पा भ्रमणमा पुगेकी वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहन माया ढकालले विकट जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकासँग यस्तो सम्झौता गरेकी हुन् ।

२ पालिकाबीच भएको नजीनतम अभ्यासको आदानप्रदान कार्यक्रम प्रभावकारी हुने उल्लेख गर्दै यसले आपसी सम्बन्धलाई सुदृढ बनाउने प्रमुख ढकालले बताइन् । प्रमुख ढकालले यो सम्झौताले डोल्पा र सुर्खेतबीचको दुरी घट्ने बताइन् । उनले विगतभन्दा फरक दृष्टिकोणले विकासलाई हेर्नुपर्ने आवश्यकता औंल्याउँदै शिक्षा, स्वास्थ्य, ज्येष्ठ नागरिक र पूर्वाधारलाई उच्च प्राथमिकता दिएको उल्लेख गरिन् । उनले भनिन्, 'सुर्खेत-डोल्पा सडकको पूर्णताले दुबै नगरका लागि आर्थिक र सामाजिक लाभ हुने छ, डोल्पामा भएका असल अभ्यासबाट मलाई सिक्ने अवसर समेत हुने छ ।'

कार्यक्रममा त्रिपुरासुन्दरी नगरपालिकाका नगरप्रमुख जनचन्द्र



रोकायाले पञ्चायतकालदेखि संघीय व्यवस्थासम्मका अभ्यासलाई तुलना गर्नुको साटो जनताको आवश्यकताका आधारमा काम गर्नुपर्नेमा जोड दिए ।

आन्तरिक राजस्व शून्य भएकाले योजना कार्यान्वयनमा कठिनाइ रहेको र हाल ५५ करोड जति अनुमानित बजेट रहेको उनले बताए । उनले साझेदारीमार्फत असल अभ्यास सिक्न सुर्खेत जाने योजना रहेको र अन्तरपालिका सम्बन्धले आगामी दिनमा थप मजबुत सम्बन्ध बनाउने विश्वास व्यक्त गरे ।

वीरेन्द्रनगर नगरपालिका सुर्खेतका उपप्रमुख निलकण्ठ खनालले साझेदारीबाट निश्चितरूपमा दुबै पालिकाले लाभ पाउने बताए ।

वीरेन्द्रनगर नगरपालिका सुर्खेतका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बास्कोटाले २०३३ सालमा स्थापना भएको नगरपालिकाले सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारिता आवश्यक रहेको उल्लेख गर्दै असल अभ्यासबाट सिकेर अझ सुदृढ बनाउने जानकारी दिए । उनका अनुसार वीरेन्द्रनगरमा १५ लाखभन्दा कम लागतका योजना इभिड प्रणालीमार्फत कार्यान्वयनमा ल्याइँदै आएको छ भने खानेपानी, स्वास्थ्य, शिक्षा र सुशासनका क्षेत्रमा उल्लेखनीय प्रगति भइरहेको छ । उनले वीरेन्द्रनगर नगरपालिकालाई उपमहानगरको लक्ष्यसहित योजना अगाडि बढाइएको जानकारी दिए ।

त्रिपुरासुन्दरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भीमबहादुर थापाले लामो समयदेखि असल अभ्यासको माध्यमबाट नगरपालिकालाई समृद्ध नगरपालिका बनाएर अनुभव संगालेको वीरेन्द्रनगर नगरपालिकाका जनप्रतिनिधिहरूको सही र असल सुझावले त्रिपुरासुन्दरी नगरपालिकालाई शैक्षिक क्षेत्रको मात्र नभइ समग्र क्षेत्रको समृद्धिका लागि मार्गदर्शन बन्ने बताए ।

उनीहरूले धर्मिक पर्यटकीय क्षेत्रको प्रवर्द्धन, सडक पूर्वाधार निर्माण र सुशासनका अभ्यासहरू आदानप्रदान गरी स्थानीय तहलाई थप सक्षम बनाउने उद्देश्यका साथ सहकार्य गर्ने प्रतिबद्धता जनाए । आपसी सम्झौता कार्यक्रममा कर्णाली प्रदेशसभामकी सभामुख गुरुङसहित कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा शहरी विकास राज्यमन्त्री गमता विक, वीरेन्द्रनगर नगरपालिकाका जनप्रतिनिधिसहित कर्मचारीको टिम तथा त्रिपुरासुन्दरी नगरपालिकाकी उपप्रमुख देवी घर्तीलगायतको उपस्थिति रहेको थियो ।


## युएईमा रोजगार

कम्पनी: ALIGN TEAM LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/०२
चलानी नं.: ६०२३६१०४
LT. No.: 321809

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Male) | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 75 | 0 | | 900 | ३३,५५२ | | | | | | | |
| 3. | Host | 10 | 30 | | 1600 | ५९,६४८ | | | | | | | |
| 4. | Packers | 75 | 0 | | 900 | ३३,५५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ११ गते (24 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AI Secure Manpower Recruitment P. Ltd.
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070417 9802070414 | Email: documentation@smrnepal.com | Website: smrnepal.com


कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको बालाजु शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (सवारी साधन) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

**प्रकाशित मिति : २०८२/०१/०४**

यस विकास बैंकको बालाजु शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले सवारी कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाइ बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/जमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| **१. विपिन पौडेल**<br>**ना.प्र.नं. : ६४-०१-७२-०१४६६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत<br>बाबु : डिल्लीराम पौडेल<br>बाजे : बासुदेव पौडेल<br>ठेगानाः कुनाथरी-०४, सुर्खेत हाल बराहताल गा.पा.वडा नं.०५<br>**शाखा कार्यालय : बालाजु**<br>**कर्जा : सवारी कर्जा**<br><br>**धनजमानीकर्ताको विवरण:**<br>**मन्जु जैसी (पौडेल)**<br>**ना.प्र.नं. : ६४-०१-७६-०२६९८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत<br>पति : विपिन पौडेल<br>ससुरा : डिल्लीराम पौडेल<br>ठेगाना : कुनाथरी-०४, सुर्खेत हाल बराहताल गा.पा.वडा नं.०५ | **डिल्लीराम पौडेल**<br>**ना.प्र.नं. : ६४२४९८२**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुर्खेत<br>बाबु : बासुदेव पौडेल<br>बाजे : नरहरी पौडेल<br>ठेगानाः कुनाथरी-०४, सुर्खेत हाल बराहताल गा.पा.वडा नं. ०५<br><br>**नन्दा कडेल**<br>**ना.प्र.नं. : २८२४**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुर्खेत<br>पति : डिल्लीराम पौडेल<br>ससुरा : बासुदेव पौडेल<br>ठेगाना : विद्यापुर-०८, हाल बराहताल गा.पा.वडा नं.०५ सुर्खेत | १) विपिन पौडेल ऋणी कायम भई कामना सेवा विकास बैंकको नाममा यातायात व्यवस्था कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन) |

| सवारी साधनको विवरण | |
|---|---|
| मोडल | BJ6609U2DDA-R4 |
| बनेको साल | 2020 |
| दर्ता नं. | कर्णाली प्रदेश ०२-००१ ख.०३३३ |
| इन्जिन नं. | 76632663 |
| च्यासिस नं. | LVCB2NBA5LS012674 |
| कम्पनी | FOTON E. TRADE |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज/नामसारी गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न (सवारी साधन बाहेक) वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्च : उल्लिखित ऋणी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
**बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८२/०१/१० गते र बोलपत्र खोलिने मिति: २०८२/०१/११, समय: दिनको : ४:३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८२/०१/०४**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको ले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) तल तोकिएको समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १) **गंगा कृषि तथा पशुपालन फर्म**<br>**प्रा.फ.नं.: ६४९/०७७/०७८**<br>ठेगाना : वालिङ न.पा. वडा नं १३, स्याङ्जा<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जा<br>स्थायी लेखा नं.: ६१४१९२६४९<br><br>**प्रोप्राईटर/धनजमानीकर्ता : गंगा पाण्डेय गैह्रे**<br>**ना.प्र.नं. : ४२३०२४/४९०**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>पति : छविलाल गैह्रे<br>ससुरा : तुलसीराम गैह्रे<br>ठेगाना : स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं १३<br>**शाखा कार्यालय : वालिङ**<br>**कर्जा शीर्षक : सहुलियत ब्याजदर कर्जा (आवधिक)** | **छविलाल गैह्रे**<br>**ना.प्र.नं. : ४२२०३०/६०**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>बाबु : तुलसीराम गैह्रे<br>बाजे : यन लाल<br>ठेगानाः स्याङ्जा जिल्ला, तीनदोवाटे गा.वि.स./उ.म.न.पा. वडा नं ०५, हाल वालिङ न.पा. वडा नं १३<br><br>**मेनकला गैह्रे**<br>**ना.प्र.नं. : १७४५**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>पति : तुलसीराम गैह्रे<br>ससुरा : यन लाल<br>ठेगानाः स्याङ्जा जिल्ला, तीनदोवाटे गाँउ पञ्चायत वडा नं ०५, हाल वालिङ न.पा. वडा नं १३ | १) मेनकला गैह्रेको नाममा मालपोत कार्यालय वालिङ्ग, स्याङ्जामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गाहरु)<br>(जग्गाको विवरण तलको तालिकामा)<br>साथै सम्पूर्ण लिगलगापात समेत । |
| २) **लक्षणा प्लाष्टिक पसल**<br>**प्रा.फ.र.नं.: ६६२/०६७/०६८, स्थानीय व्यापार**<br>ठेगाना : चापाकोट गा.वि.स.वडा नं ०६, स्याङ्जा<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, स्याङ्जा<br>स्थायी लेखा नं.: ६००१४५१०१<br><br>**प्रोप्राईटर/धनजमानीकर्ता : विष्णु प्रसाद आचार्य**<br>**ना.प्र.नं.: ३५९६९**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>बाबु : भिम लाल आचार्य<br>बाजे : इश्वरी प्रसाद आचार्य<br>ठेगाना : स्याङ्जा जिल्ला, चापाकोट गा.वि.स.वडा नं.०१, हाल चापाकोट न.पा.वडा नं.०९<br>**शाखा कार्यालय : वालिङ्ग**<br>**कर्जा शीर्षक : व्यापार आवधिक कर्जा किस्ताबन्दी फर्मको नाममा तथा प्रोप्राईटर विष्णु प्रसाद आचार्यको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत** | **सावित्रा आचार्य (लम्साल)**<br>**ना.प्र.नं.: १३०२३**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>पति : विष्णु प्रसाद आचार्य<br>ससुरा : भिम लाल आचार्य<br>ठेगानाः स्याङ्जा जिल्ला, चापाकोट गा.वि.स.वडा नं.०१, हाल चापाकोट न.पा.वडा नं.०९<br><br>**प्रदिप रेग्मी**<br>**ना.प्र.नं.: ५७६०८**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>बाबु : नारायण प्रसाद रेग्मी<br>बाजे : धर्मागत रेग्मी<br>ठेगाना : स्याङ्जा जिल्ला, स्वरेक गा.वि.स.वडा नं.०६, हाल पुतली बजार न.पा.वडा नं.०१ | १) विष्णु प्रसाद आचार्यको नाममा मालपोत कार्यालय वालिङ्ग, स्याङ्जामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा)<br>(जग्गाको विवरण तलको तालिकामा)<br>साथै, सम्पूर्ण लिगलगापात समेत । |
| ३. **मा पाथिभरा हार्डवेयर**<br>**सि.नं.: १०११ कर संकेत नं. १६६८२२**<br>ठेगानाः सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं.०८<br>दर्ता गर्ने कार्यालयः इटहरी उ.म.न.पा. नगर कार्यपालीकाको कार्यालय, ०८ नं. वडा कार्यालय<br>स्थायी लेखा नं.: ६०७७०८९४३<br><br>**प्रोप्राइटर/धनजमानीकर्ता : अमन कुमार श्रेष्ठ**<br>**ना.प्र.नं.: ९५१**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : प्रताप मान श्रेष्ठ<br>ठेगाना : सुनसरी जिल्ला, मधेली गाउँ पञ्चायत वडा नं.०६, हाल इटहरी उ.म.न.पा. वडा नं.०८<br>**शाखा कार्यालय : केरावारी**<br>**कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा** | **राजोवती कुमारी थरुनी**<br>**ना.प्र.नं.: १९१५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : अमन कुमार श्रेष्ठ<br>ससुरा : राम बहादुर श्रेष्ठ<br>ठेगाना : सुनसरी जिल्ला, सोनापुर नगर/गाउँ पञ्चायत वडा नं.०८, हाल इटहरी उ.म.न.पा. वडा नं.०८<br><br>**अर्जुन श्रेष्ठ**<br>**ना.प्र.नं.: ०६१००५/१६३०४४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>बाबु : अमन कुमार श्रेष्ठ<br>बाजे : राम बहादुर श्रेष्ठ<br>ठेगानाः सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं.०७, हाल इटहरी उ.म.न.पा. वडा नं.०८ | **प्रतिक्षा श्रेष्ठ**<br>**ना.प्र.नं.: ६/१०५८६**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ<br>पति : अर्जुन श्रेष्ठ<br>ससुरा : अमन कुमार श्रेष्ठ<br>ठेगानाः मोरङ जिल्ला, डग्राहा गा.वि.स./उ.म.न.पा. वडा नं.०६, हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं.०८<br><br>१) प्रतिक्षा श्रेष्ठको नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा)<br>(जग्गाको विवरण तलको तालिकामा)<br>साथै, सम्पूर्ण लिगलगापात समेत । |

१) मेनकला गैह्रेको नाममा (घर/जग्गाहरु):

| ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| तीनदोबाटो -०५, स्याङ्जा | १६९३ | ०-३-२-३ (११७.२५) |
| | २६४८ | ०-४-२-२ (१४७.०६) |
| | २६४६ | ०-१४-३-१ (४७०.९८) |
| | १६८७ | ०-५-०-२ (१६२.९६) |
| | १७०३ | ०-४-०-२ (१३१.१६) |
| | १६९९ | ०-२-०-३ (६९.५५) |
| | १७०१ | ०-४-०-३ (१३३.१५) |
| | २६४९ | ०-४-२-१ (१४५.०७) |
| | १६८८ | ०-५-०-२ (१६२.९६) |

२) विष्णु प्रसाद आचार्यको नाममा (घर/जग्गा):

| धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| चापाकोट-०१, स्याङ्जा | ११४ | ३-१५-३-३ (२०३२.९७) |

३) प्रतिक्षा श्रेष्ठको नाममा (घर/जग्गा):

| धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| विराटनगर-१३, मोरङ नक्सा सिट नं.१७८०७८३०५ | २६२ | १९०.४७ |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्च : उल्लिखित ऋणी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
**बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८२/०१/१९ गते र बोलपत्र खोलिने मिति: २०८२/०१/२१ समय: दिनको : ४:३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

# ६ वैशाखमा 'सांगीतिक गजल गुञ्जन' हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख ।

नेपाल गजल प्रतिष्ठानले हरेक वर्ष आफ्नो स्थापना दिवसको सन्दर्भ पारेर गर्दै आएको 'सांगीतिक गजल गुञ्जन' आगामी ६ वैशाखमा काठमाडौंको राष्ट्रिय नाचघर जमलमा आयोजना गर्ने भएको छ ।




विगत वर्षमा पनि बृहत् सांगीतिक गजल गुञ्जन सोही नाचघरको मुख्य प्रेक्षालयमा हजारौंको उपस्थितिमा सम्पन्न गरेको प्रतिष्ठानले यस पटक १३ वटा गजल विभिन्न गायक/गायिकाका स्वरमा प्रस्तुत गर्ने प्रतिष्ठानका सचिव अनजान यात्रीले जानकारी दिए ।

यस पटक टक गुरुङ, डा. भोजराज घिमिरे, सुमी पोखरेल, प्रमोद थापा, अनजान यात्री, डा. प्रदीपकुमार मैनाली, रोमा लम्साल, आँचलकुमार शर्मा, बिनोद बिम्बित, नृपेश उप्रेती, लोकेश संघात, अविनाश सापकोटा र खिम पुनका गजलहरू गाइने छन् ।

चण्डीप्रसाद काफ्ले, सन्तोष श्रेष्ठ, भविन ढुंगाना, लालकाजी श्रेष्ठ, राज सागर, आवाज शर्माले संगीत गरेका उक्त गजलहरूमा आवाज शर्मा, अमीर परियार, राज सागर, सन्तोष श्रेष्ठ, बबिना भट्टराई, रोशा फुयाँल, भविन ढुंगाना, झुमा निरौला, अजर जंगम, जलजला परियार, दीपिका श्रेष्ठ र प्रशान्त पोखरेलले स्वर दिने छन् ।

नेपाली गजल लेखनको परिष्कार अभियानसँगै गजल गायनमा पनि परिष्कारसहित तीव्रता दिने उद्देश्यले नेपाल गजल प्रतिष्ठानले हरेक २ महिनामा गजल मुशायरा पनि गर्दै आएको प्रतिष्ठानका अध्यक्ष लालकाजी श्रेष्ठले जानकारी दिए ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

### विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति :- २०८२/१/४)**

यस विभागबाट मिति २०८१/११/२३ गतेको प्रकाशित सूचना अनुसार आ.ब ०८१/०८२ को लागि विद्युतिय बोलपत्र मार्फत तपसिलमा उल्लेखित सामानको आपूर्ति सम्बन्धमा यस विभागमा पेश हुँन आएका विद्युतिय बोलपत्रहरु माथि कारवाही हुँदा तपसिलको बोलपत्रदाताले कबोल गरेको रकम (मू.अ.कर वाहेक) न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना विभागको वेभसाइट ठेगाना : www.dftqc.gov.np मा समेत हेर्न सकिने छ ।

| सूचना नं. DFTQC/NCB-04/2081-082 (Aflatoxin Kit खरिद) | | | | |
|---|---|---|---|---|
| सि.नं. | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम मू.अ.क. वाहेक | कबोल गरेको रकम अक्षरमा | कै. |
| १. | जेएचएस एनालिटिक ट्रेडर्स, बालुवाटार | १०,८३,०००।- | दश लाख त्रियासी हजार मात्र । | |


# 'भूठान' ट्रेलरमा भुटानबाट अमेरिका पुगेका भुटानी शरणार्थीको कथा



**काठमाडौं/मस–** चलचित्र 'भूठान'को ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार एक कार्यक्रमको आयोजना गर्दै निर्माण टिमले 'भूठान'को ट्रेलर सार्वजनिक गरेको हो । ३ मिनेट लामो ट्रेलरले सामाजिक कथावस्तुमा आधारित रहेर सिनेमा बनेको देखाएको छ । भुटानबाट अमेरिका पुगेका भुटानी शरणार्थीको कथा ट्रेलरमा छ ।

वृद्ध अवस्थामा पुगेका एक व्यक्तिले जीवनको उत्तरार्द्धमा अमेरिकाबाट भुटान फर्किन गरेको प्रयास ट्रेलरमा देख्न सकिन्छ । जिन्दगीले जन्मभूमिमा जरा गाडिसकेपछि पराई भूमिमा बाध्य भएर बस्नुपर्दाको उकुसमुकुस सिनेमाले भन्ने संकेत गरेको छ ।

पराई भूमिमा भौतिक सुख प्राप्त भए पनि धर्म, संस्कार र संकृति नमिल्दा त्यसले पार्ने प्रभाव 'भूठान'ले भन्ने संकेत ट्रेलरले गरेको छ । परिवारमा धर्म संस्कारलाई लिएर भएको विवादले पर्ने प्रभाव पनि ट्रेलरले देखाएको छ ।

अंग्रेजीमा 'द वर्ल्ड्स ह्याप्पिएस्ट म्यान' नाम रहेको यो चलचित्रको मुख्य भूमिकामा हरिवंश आचार्य छन् । दयाहाङ राई, अनुराधा मजुमदार, पूजा चन्द लामा, ऋचा घिमिरे, जोएस पाण्डे, अदिती प्याकुरेल, टम क्रेन, विमल सुवेदी छन् ।

हलिउडका विश्व विख्यात अभिनेता ब्रुस डर्नले पनि विशेष भूमिकामा अभिनय गरेका छन् । हलिउडको साग अफ्ट्राअन्तर्गत रहेर बनेको यो पहिलो नेपाली चलचित्र हो, जसमा हलिउडका केही प्राविधिकहरूले पनि काम गरेका छन् ।

भुटानदेखि भारत र नेपाल हुँदै अहिले अमेरिकामा बसोवास गरिरहेका भुटानीहरूको देशप्रेम र आफ्नो थातथलो छाड्नपर्दा घर हराएको कथा 'भूठान'ले उठान गरेको छ । चलचित्र १२ वैशाखमा रिलिज हुँदै छ ।

'बुलबुल' चलचित्रबाट नाम कमाएका विनोद पौडेलको निर्देशन रहेको 'भूठान'का निर्मातामा अविरल थापा, सुशांक मैनाली, राजेन्द्र ठकुराठी, अमिताभ जोशी र कीर्तना बाँस्कोटा छन् । चलचित्र सुसन प्रजापतिले खिचेका छन् ।

कार्यकारी निर्मातामा विकास भिटो अधिकारी, कौशिला खनाल, रमेश भट्ट, अपार श्रेष्ठ छन् । अन्जय खड्काको सम्पादन, डिकेश खड्गी शाहीको ध्वनि, समवरण केमको संगीत, सूर्य शाहीको कास्टिङ, उज्ज्वल श्रेष्ठको पब्लिसिटी डिजाइन, विमल सुवेदीको प्रोडक्सन डिजाइन, बलिउडका प्रख्यात कला निर्देशक अन्जन गजुरेलको कला निर्देशन रहेको छ ।

चलचित्रलाई ठकुराठी ब्रोज, भ्याकेन्ट लाइट, एभरेस्ट इन्टरटेनमेन्ट, अमेरिकाको सहकार्यमा नेपालको अवेकन प्रोडक्सन र अमेरिकाको म्याड मंकी फिल्म्सले निर्माण गरेको हो ।


### बीमालेख हराएको सूचना

मिति २०८१/१२/२५ गतेको दिन किर्तिपुरबाट रत्नपार्क आउँदा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**नाम: सन्तोष महर्जन**
**बीमालेख नं : १७०६९८**
**ठेगाना: किर्तिपुर न.पा-२, देव ढोका**
**सम्पर्क नं: ९८४१४३९८४९**

### माइग्रेसन हराएको सूचना

बाजुरा जिल्ला बडिमालिका नगरपालिका वडा नं २ बस्ने विक्रम महतको भक्तपुर राधेराधेबाट गट्ठाघर रोड जाने क्रममा डिप्लोमा इन सिभिल इन्जिनियरिङ को माईग्रेसन सर्टिफिकेट लगायतका कागजातहरू मिति २०८०/८/२५ गते हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं ९७६७५३६४५७ मा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछौ ।

**नाम : विक्रम महत**
**रजिष्ट्रेशन नंबर- DCE-7144-12**
**सिम्बोल नं.: 772565**

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०६/१३ गते दर्ता भएको प्रा.लि. नं. ३००३८५ को **बग्वेट माइन्स एण्ड मिनरल्स् प्रा. लि.** को मिति २०८१/१२/१६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा निम्नलिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर :- लिलानाथ कंडेल**
**ठेगाना :- का.म.न.पा.-२९, अनामनगर काठमाण्डौं**
**सम्पर्क नं.- ०१-५९०३८९२, ९७०८०७३२००**

### माइग्रेसन हराएको सूचना

जोरपाटीबाट काठमाण्डौ जाने क्रममा २०८१/०१/१० गते मेरो निम्न व्यहोरा भएको कक्षा १२ को Migration Certificate हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम : अर्जुन वि.क.**
**Reg. No. : 6932260033**
**S. No. : 22740537**
**Contact : 9866034975**

## कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

### कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०१/०४**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| **१. आरोस फेसन वेयर**<br>**प्रा.फ.र.नं.:** २७७०६<br>ठेगाना : मोरङ्ग जिल्ला, उर्लाबारी न.पा.वडा नं ०२<br>दर्ता गर्ने कार्यालय : वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगर<br>स्थायी लेखा नं.: ६०२७२०४३२<br>**प्रोप्राइटर/धनजमानीकर्ता : अन्जना न्यौपाने**<br>**ना.प्र.नं.:** ०५२०४३-५५३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>पति : विरोध न्यौपाने<br>ससुरा : देवी प्रसाद न्यौपाने<br>ठेगाना : मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं.०७, हाल उर्लाबारी न.पा. वडा नं.०२<br>**शाखा कार्यालय : उर्लाबारी**<br>**कर्जा शीर्षक : सहुलियत ब्याजदर कर्जा फर्मको नाममा तथा प्रोप्राईटर अन्जना न्यौपानेको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा र ब्यक्तिगत इक्विटी कर्जा समेत ।** | **विरोध न्यौपाने**<br>**ना.प्र.नं.:** १५५६३/७२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>बाबु : देवी प्रसाद न्यौपाने<br>बाजे : हरी प्रसाद न्यौपाने<br>ठेगाना : मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं.०७, हाल उर्लाबारी न.पा. वडा नं.०२<br>**भगवती देवी न्यौपाने**<br>**ना.प्र.नं.:** ५५६<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, मोरङ्ग<br>पति : देवी प्रसाद न्यौपाने<br>ससुरा : हरी प्रसाद न्यौपाने<br>ठेगाना : मोरङ्ग जिल्ला, मधुमल्ला नगर/गाँउ पञ्चायत वडा नं.०३, हाल उर्लाबारी न.पा. वडा नं.०२ |
| **२. वि.वि. ट्रेड सेन्टर**<br>**प्रा.फ.नं.:** २२११२/०६७/०६८<br>ठेगाना : मोरङ्ग जिल्ला उर्लाबारी गा.वि.स.वडा नं ०४<br>दर्ता गर्ने कार्यालय : वाणीज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगर<br>स्थायी लेखा नं.: ३०२९९२६८७<br>**प्रोप्राइटर/धनजमानीकर्ता : विरोध न्यौपाने**<br>**ना.प्र.नं.:** १५५६३/७२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>बाबु : देवी प्रसाद न्यौपाने<br>बाजे : हरी प्रसाद न्यौपाने<br>ठेगाना : मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं.०७, हाल उर्लाबकारी न.पा. वडा नं.०२<br>**शाखा कार्यालय : उर्लाबारी**<br>**कर्जा शीर्षक : मध्यम ब्यापार कर्जा फर्मको नाममा तथा प्रोप्राईटर विरोध न्यौपानेको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत ।** | **अन्जना न्यौपाने**<br>**ना.प्र.नं.:** ०५२०४३-५५३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>पति : विरोध न्यौपाने<br>ससुरा : देवि प्रसाद न्यौपाने<br>ठेगाना : मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं.०७, हाल उर्लाबारी न.पा. वडा नं.०२<br>**भगवती देवी न्यौपाने**<br>**ना.प्र.नं.:** ५५६<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, मोरङ्ग<br>पति : देवी प्रसाद न्यौपाने<br>ससुरा : हरी प्रसाद न्यौपाने<br>ठेगाना : मोरङ्ग जिल्ला, मधुमल्ला नगर/गाँउ पञ्चायत वडा नं.०३, हाल उर्लाबारी न.पा. वडा नं.०२ |
| **३. प्रेम यादव**<br>**ना.प्र.नं.:** ५४२४२८९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा<br>बाबु : राम सागर यादव<br>बाजे : राम अवतार यादव<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मीपुर वगेवा गाँउ पञ्चायत वडा नं.०८, हाल लक्ष्मीनिया गा.पा. वडा नं.०७<br>**शाखा कार्यालय : जनकपुर**<br>**कर्जा शीर्षक : डि.एस.एल. रिक्सा कर्जा** | **शान्ती देवी यादव**<br>**ना.प्र.नं.:** १७३०८६/९६५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा<br>पति : प्रेम यादव<br>ससुरा : राम सागर यादव<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मीपुर वगेवा गा.वि.स.वडा नं.०८, हाल लक्ष्मीनिया गा.पा. वडा नं.०७ |
| **४. विजय सुवेदी**<br>**ना.प्र.नं.:** ३६२०११/३८२३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : रुक्मा दत्त सुवेदी<br>बाजे : वलराम उपाध्याय<br>ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा.वडा नं.०१<br>**शाखा कार्यालय : दलदले**<br>**कर्जा शीर्षक : व्यक्तिगत इक्विटी कर्जा**<br>**धनजमानीकर्ताहरुको विवरण**<br>**अम्वीका पौडेल**<br>**ना.प्र.नं.:** ३५२००८/१३१७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>पति : विजय सुवेदी<br>ससुरा : रुक्मा दत्त सुवेदी<br>ठेगाना : चितवन जिल्ला माडी गा.वि.स./उ.म.न.पा.वडा नं.०१, हाल नवलपरासी जिल्ला, देवचुली न.पा.वडा नं.०१ | **धन प्रसाद सुवेदी**<br>**ना.प्र.नं.:** ३६-११-७४/३९२<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : रुक्मा दत्त सुवेदी<br>बाजे : वलराम उपाध्याय<br>ठेगानाः नवलपरासी जिल्ला, देवचुली गा.वि.स./उ.म.न.पा.वडा नं.०१, हाल देवचुली न.पा.वडा नं.०१<br>**रुक्मा दत्त सुवेदी**<br>**ना.प्र.नं.:** ३६२०११-४६७३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : वलराम उपाध्याय<br>बाजे : बुद्धिसागर<br>ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा.वडा नं.०१<br>**अमकला सुवेदी**<br>**ना.प्र.नं.:** २१२०९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पति : रुक्मा दत्त सुवेदी<br>ससुरा : वलराम उपाध्याय<br>ठेगानाः कास्की जिल्ला भरतपोखरी गा.वि.स./उ.म.न.पा. वडा नं.०३, हाल नवलपरासी जिल्ला, देवचुली न.पा.वडा नं.०१ |
| **५. प्रमिला बस्नेत**<br>**ना.प्र.नं.:** ७८४७२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>पति : दिलीप खड्का<br>ससुरा : गम्व सि. खड्का<br>ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स.वडा नं.०७, हाल विराटनगर म.न.पा.वडा नं.०१<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक: सजिलो लघु कर्जा (न्यून लागत अकवास कर्जा)** | **दिलीप खड्का**<br>**ना.प्र.नं.:** ५५२/१९३३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, खोटाङ<br>बाबु : गम्व सि. खड्का<br>बाजे : थाहा नभएको<br>ठेगाना : खोटाङ जिल्ला, खिदिमा गा.वि.स.वडा नं.०३, हाल मोरङ जिल्ला, विराटनगर म.न.पा.वडा नं.०१ |
| **६. देवनारायण यादव**<br>**ना.प्र.नं.:** २२३९/४५०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>बाबु : लक्ष्मण यादव<br>बाजे : अघोरी यादव<br>ठेगाना : मोरङ जिल्ला, विराटनगर गा.वि.स./उ.म.न.पा. वडा नं.१८, हाल विराटनगर म.न.पा.वडा नं.१४<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (न्यून लागत कर्जा)**<br>**धनजमानीकर्ताहरुको विवरण**<br>**फुलो देवी यादव**<br>**ना.प्र.नं.:** ७०३३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>पति : देवनारायण यादव<br>ससुरा : लक्ष्मण यादव<br>ठेगाना : मोरङ जिल्ला, विराटनगर गा.वि.स./उ.म.न.पा. वडा नं.१८, हाल विराटनगर म.न.पा.वडा नं.१४<br>**महेश कुमार यादव**<br>**ना.प्र.नं.:** ०५-०१-७६-१२४६३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>बाबु : देवनारायण यादव<br>बाजे : लक्ष्मण यादव<br>ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा.वडा नं.१४ | **शंकर प्रसाद यादव**<br>**ना.प्र.नं.:** ०५-०१-७४-०४१११<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>बाबु : देवनारायण यादव<br>बाजे : लक्ष्मण यादव<br>ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं.१४<br>**रिंकी देवी यादव**<br>**ना.प्र.नं.:** ३१८८३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>पति : शंकर प्रसाद यादव<br>ससुरा : देवनारायण यादव<br>ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा.वडा नं.१४<br>**जितन यादव**<br>**ना.प्र.नं.:** ०६१०२४/१६७४१०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>बाबु : राम चरित्र यादव<br>बाजे : खुसिलाल यादव<br>ठेगाना : सुनसरी जिल्ला, रा.सी. गा.वि.स.वडा नं.०४, हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं.१४ |
